


# प्रहरी दर्पण २०४५

# POLICE MIRROR 1988

श्री ५ को सरकार
**माननीय गृह राज्य मन्त्री**
श्री निरञ्जन थापाको
निजी सचिवालय

**श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको** ४० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीले विगत बर्ष झैं प्रहरी गतिविधि तथा क्रियाकलापको संगालो "प्रहरी दर्पण २०४५" प्रकाशित गर्न लागेको छ।

प्रहरी जगतलाई व्यवस्थित तथा सुसंगठित बनाइ उनीहरूमा नैतिक जिम्मेवारीको भावना अभिवृद्धि गर्न प्रहरी परिवारबाट प्रकाशित गरिने पत्रिकाको महत्वपूर्ण भूमिका रहन्छ। अतः यस "प्रहरी दर्पण २०४५" मा समावेश गरिएका विविध सामाग्रीहरूले प्रहरी जगतमा अनुशासनको भावनाको विकास गराई नेपाल प्रहरीको गौरवमय परम्परा तर्फ सकारात्मक योगदान पुऱ्याउने छ भन्ने आशा लिएको छु।

अन्त्यमा, **श्री ५ महाराजाधिराज सरकारको** सबल, सक्षम र सुदृढ नेतृत्वमा सन् २००० सम्ममा नेपालीहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्ने संकल्पमा नेपाल प्रहरीले सदा झैं कर्तव्यनिष्ठ रही नेपाली समाजमा सुरक्षाको भावना अभिवृद्धि गर्न सकोस यही मेरो शुभेच्छा छ।

**निरञ्जन थापा**
**गृह राज्यमंत्री**



# Message From

**Hon. Minister of State for Home Mr Niranjan Thapa**

It is a matter of great pleasure that the Nepal Police is coming out, as in earlier years, with an annual presentation of police activities compiled in the shape of "Police Mirror 2045" to mark the 40th auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah.

Such a publication, coming as it does from among the police personnel themselves, will have an important bearing on making their outfit better organised and managed by way of instilling and fostering a sense of moral responsibility among them. As such, I hope this publication, "Police Mirror, 2045", and the materials incorporated therein will go a long way in promoting a sense of discipline amongst the police personnel and thereby making a positive contribution towards the organisation's glorious tradition.

I conclude by extending my goodwishes to the Nepal Police personnel that they may, while dutifully striving to meet the basic needs of the people by the year 2000 AD under the dynamic and able leadership of His Majesty the King, enhance and promote the feeling of security in the society in general.


**श्री ५ बडामहारानी**
**ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको**
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
**मौसूफ सरकारमा**
सभक्ति मंगलमय शुभकामना
चढाउँछु।

दुलिचन्द अग्रवाल
झापा वाणिज्य संघ
शाखा धुलाबारी,
मेची अंचल, नेपाल



**श्री ५ बडामहारानी**
**ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको**
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
**मौसूफ सरकारमा**
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

श्री विकाश कन्सर्न
नकलबन्दा, झापा,
मेची, नेपाल

श्री ५ को सरकार
गृह मन्त्रालय

सिंह दरबार

राजमहिषी श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको चालिसौं शुभ जन्मोत्सवको पावन अवसरमा नेपाल प्रहरीबाट आफ्ना गतिविधि तथा कृयाकलापहरू झल्काउने गरी प्रहरी दर्पण प्रकाशनमा ल्याउन खोजिएको तथ्य थाहा पाउँदा मलाई खुशी लागेको छ।

राजारानीको जन्मोत्सव प्रत्येक स्वाभिमानी राष्ट्रप्रेमी नेपालीहरूको राष्ट्रिय पर्व हो। राजभक्तिको उच्चतम परम्परा अनुरूप राजारानीको जन्मोत्सवलाई अधिराज्यभर हर्षोल्लासका साथ मनाइन्छ। यसै पुनीत अवसर पारेर अधिराज्यभर नै विविध रचनात्मक कृयाकलापहरूको थालनी हुन्छ। श्री ५ बडामहारानी सरकारको शुभ जन्मोत्सवको सुखद अवसरमा आफ्ना उल्लेखनीय गतिविधि र कृयाकलापहरूको संगालो प्रहरी दर्पण प्रकाशमा ल्याउनु उक्त परम्पराकै पोषण तथा सम्वर्द्धन हो भन्ने मलाई लागेको छ।

राष्ट्रिय विकासको चुनौतिपूर्ण मार्गमा अग्रसर रहन विगतको गतिशील विश्लेषण र आत्मालोचना अति महत्वपूर्ण हुन्छ। यस प्रकारका प्रकाशनहरू त्यस दिशा तर्फ पनि उन्मुख हुनु पर्दछ भन्ने मेरो धारणा छ। आगामी पुस्तालाई विगत कृयाकलापहरूको यथार्थ जानकारी उपलब्ध गराउने स्वस्थ्य परम्परा बसाल्न यस्तो कार्यबाट सघाउ पुग्दछ।

विशिष्ठ समाजसेवानुरागी श्री ५ बडामहारानी सरकारको प्रेरणाप्रद नेतृत्वले गर्दा नै हाम्रो मुलुकमा समाजसेवाको संस्थागत विकासको थालनी भएको छ। यस परिप्रेक्ष्यमा मूलतः समाजमा शान्ति सुव्यवस्था राख्ने जिम्मेवारीलाई अति सतर्कतापूर्ण ढंगमा निर्वाह गर्नु पर्ने नेपाल प्रहरीले आफ्ना गतिविधिलाई भ्याएसम्म त्यस दिशा तर्फ पनि निर्देशित गरेकै छ। प्रस्तुत प्रकाशनमा प्रहरी गतिविधिको यस पक्षका साथै समाज सेवाका क्षेत्रमा अनुभव हुन आएका अन्य प्रेरक पक्षहरूको समेत दिग्दर्शन हुन सक्ने अपेक्षा राखेको छु। अन्य जिज्ञासु पाठकहरूका लागि पनि प्रकाशन उपयोगी रहन सकोस् मेरो यही शुभकामना छ।

बीर बहादुर शाही
सचिव
गृह मन्त्रालय



# Message from Home Secretary

Mr. Bir Bahadur Shahi

It was a matter of great pleasure for me to learn that the Nepal Police has sought to publish the "Police Mirror" on the occasion of the fortieth auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Lakshmi Devi Shah with a view to throw light on the organisation's activities, development and progress.

The birth anniversaries of our beloved king and queen are national festival for every patriotic and self-respecting Nepalese individual. In keeping with the highest traditions of loyalty towards the Crown, these birthdays are celebrated nationwide with deserved gaiety. Initiation of many a creative activity is also made to coincide with this auspicious occasion throughout the kingdom. I feel that the publication of the "Police Mirror" on the auspicious birth anniversary of Her Majesty the Queen is an apt and appropriate step in keeping with, and in furtherance of, the said tradition itself.

A review and self-analysis of past performances assume great importance in furthering one's active involvement in facing the challenges besetting the road leading to national progress and prosperity. It is my view that such publications should be geared towards that direction as well. Such steps will go a long way in establishing the healthy tradition of making future generations well-acquainted with the performances of the bygone days.

The institutionalisation of social service has received a fresh impetus at the hands of such extraordinary lovers of social services as Her Majesty the Queen thus providing us all the much needed inspiration and leadership. In this context, it is appropriate that the Nepal Police, which is basically charged with the task of cautiously executing its law and order responsibilities in the society, has turned its attention towards this direction as well, to the extent possible. I expect that this publication will highlight the aspect of Police activities besides bringing other inspirational aspects of its experience in the sphere of social services into broader perspective. Hoping the publication will prove useful for other Inquisitive readers as well, I convey to it my best wishes.

Bir Bahadur Shahi
Secretary
Home Ministry



# Message from the Chief of Police

On the propitous occasion of Her Mejesty Queen Aishwarya Rajya Lakshmi Devi Shah's 40 th auspicious birthday, I, on behalf of the entire Nepal Police, offer prayers to Lord Pashupatinath to grant Her Majesty a good health, long life and eternal marital bliss by way of offering Her Majesty royal and sincere brithday felicitations.

This publication, Police Mirror 2045, seeks, as usual, to highlight, in a pictorial manner, the persistent efforts made towards developing the Nepal Police into an efficient, capable and suitably well-equipped organisation of people, as also the attainments and acheivements thereof. Albeit within a brief and narrow framework, I believe this publication will throw adequate light on the organisational set-up of the Nepal Police and its varied activities. For the dedicated and tireless pains undertaken in order to being out this publication, the members of its Editorial Board deserve a high commendation.

I also take this opportunity of the auspicious birthday celebration to reiterate, on behalf of all members of the Police force, our sworn resolve to keep aloft our perennial loyalty towards the crown and the royalty and to rededicate ourselves to the service of the King, country and people with a renewed determination and redoubled dutifulness, discipline and moral integrity.

# प्रहरी महानिरीक्षकको सन्देश

नेपाली मात्रकी हृदय सम्राज्ञी **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** ४० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यको यस पावन घडिमा प्रथमतः नेपाल प्रहरीको तर्फबाट मौसुफ सरकारको सुस्वास्थ्य दीर्घायू एवं अटल सौभाग्यको लागि श्री पशुपति नाथ समक्ष प्रार्थना गर्दै सद्भक्ति पूर्वक हार्दिक मंगलमय शुभकामना बिन्ती चढाउँछु।

नेपाल प्रहरीलाई समयानुकूल दक्ष योग्य तथा भौतिक साधन र श्रोत युक्त गराउने तर्फ भएका निरन्तर प्रयास र यसका उपलब्धिहरूको सचित्र वर्णन प्रहरी दर्पण २०४५ प्रकाशित भएको छ। नेपाल प्रहरीको संगठनात्मक स्वरूप लगायत प्रहरीका विभिन्न कृया कलापहरूको सम्बन्धमा संक्षेपमा भएपनि केही प्रकाश यस पुस्तकले अवश्य पार्नेछ भन्ने मैले ठानेको छु। यस प्रहरी दर्पणको प्रकाशनार्थ अथक परिश्रम तथा लगनशीलताका साथ कार्य गर्ने सम्पादकीय मण्डल प्रशंसाका पात्र छन्।

मौसुफ सरकारको शुभ-जन्मोत्सवको यस शुभ घडिमा समस्त प्रहरी अटल राजभक्ति प्रदर्शित गर्दै अझ बढी अनुशासित नैतिकवान र कर्तव्यनिष्ठ भई देश, राजा र जनता प्रतिको सेवामा दृढ संकल्पका साथ सदैव कर्तव्य रत रहने प्रणलाई पुनः दोहोऱ्याउँदछौं।


श्री ५ बडामहारानी सरकारको
४०औं शुभ जन्मोत्सवको
पावन घडीमा मौसुफ सरकारका जुनाफमा सद्भक्तिपूर्वक चिरायु एवं सुस्वास्थ्यको मंगलमय शुभकामना टक्र्याउँछौं।

जिल्ला पंचायत परिवार
खाँदबारी, संखुवासभा
कोशी अञ्चल, नेपाल

# सम्पादकीय

नेपाली मात्रकी हृदय" सम्राज्ञी **श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकार**को ४० औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा प्रकाशित हुन लागेको यस प्रहरी दर्पण २०४५ ले गत बर्ष झैं विभिन्न प्रहरी गतिविधि तथा क्रियाकलापहरूको संगालो उपहार लिएर पाठकहरू समक्ष आएको छ।

व्यवसायोन्मुख प्रहरीका विविध कृयाकलापहरू बारे पाठकवर्ग समक्ष जानकारी गराउन के कति सक्षम र सवल छ त्यसको अवलोकन र मूल्याङ्कन गरि राय, सुझाव र प्रतिकृया प्राप्त भएमा आगामी अंक अझै परिमार्जित रूपमा प्रकाशित गर्न सकिने अपेक्षा राखेका छौं।

प्रहरी दर्पणलाई यस बर्ष पनि शाही नेपाल बायुसेवा निगमले बायुयानद्वारा निशुल्क काठमाडौं ल्याई दिनु भई महत्वपूर्ण सहयोग गरि दिनु भएकोमा सधन्यवाद हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

अन्त्यमा यस प्रहरी दर्पणलाई अरू आकर्षक एवं रोचक बनाउन आवश्यक सुझाव एवं सल्लाहको सदैव स्वागत गर्दछौं।

# EDITORIAL

As the idol-Queen of all Nepalese hearts, Her Majesty Aishwarya Rajya Lakshmi Devi Shah, steps into the 40th anniversary of her auspicious birthday, this publication, "Police Mirror, 2045" marks its advent, as in the earlier years, with a bouquet, as it were, of assorted police activities and developments presented in its pages.

Should we receive, after an evaluation of its contents and coverage by its valued readers, their comments, suggestions and reactions, we shall endeavour to improve it further in the succeeding editions so that it becomes a more capable and competent vehicle of information on the various police activities and events.

We seek to place on record our sincere gratitude towards Royal Nepal Airlines for their invaluable co-operation in air-lifting, gratis, the copies of this publication to Kathmandu this year as well.


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह सरकारको
**४० औं शुभजन्मोत्सवको**
पुनीत उपलक्ष्यमा मौसूफ सरकारमा
चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं
**तौलिहवा व्यापारी वर्ग**
कपिलवस्तु, लुम्बीनी अंचल
नेपाल

# प्रहरी दर्पण

वार्षिक प्रकाशन: दर्ता नं. ०१।०४१

**सम्पादकीय मण्डल**

प्र.ब.उ. श्री धनवीर राई – प्रधान सम्पादक
प्र.ना.उ. श्री मोहनबहादुर पाण्डे – सम्पादक
प्र.ना.उ. श्री भरत चुडाल – सह-सम्पादक
प्र.नि. श्री भीष्म प्रसाई – सहायक-सम्पादक

**सल्लाहकार मण्डल**

प्र.अ.म.नि. श्री रत्न शम्शेर ज.ब.रा.
प्र.ना.म.नि. श्री पूर्णबहादुर लामा
प्र.ना.म.नि. श्री रणबहादुर चन्द
प्र.ब. उ. श्री गोबिन्द कर्म थापा
" श्री मोतीलाल बोहरा
" श्री अच्यूतकृष्ण खरेल
" श्री द्वारिका बहादुर श्रेष्ट

**अथिति सल्लाहकार**

महाप्रबन्धक: श्री नगेन्द्र शर्मा
गोरखापत्र संस्थान

**छाया चित्रकारी**

प्रहरी प्रधान कार्यालय छाया चित्रकारी शाखाको सौजन्यबाट प्राप्त।

**छाया चित्रकार**

प्र.नि. खेम घले

**प्रकाशक:**

प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

## विषय सूची

| | | |
|---|---|---|
| १. | संगठन | १३ |
| २. | तालीम | २१ |
| ३. | समारोह | २९ |
| ४. | श्रृजनशीलता | ४५ |
| ५. | खेलकूद | ५९ |
| ६. | महत्वपूर्ण झाँकीहरू | ७१ |
| ७. | अतिरिक्त क्रियाकलाप | ९५ |

# POLICE MIRROR:

An annual publication Regd. No. 01/041

**Editorial Board:**

S.S.P. Dhanbir Rai, Chief Editor
D.S.P. Mohan B. Pandey, Editor
D.S.P. Bharat Chudal, Joint Editor
Inspector Bhisma Prasai, Asst. Editor

**Advisory Board:**

Additional Chief of Police Ratna Shumsher J.B. Rana
Dy. Chief of Police P.B. Lama
Dy. Chief of Police R.B. Chand
S.S.P. G.K. Thapa
S.S.P. M.L. Bohara
S.S. P. A. C. Kharel
S.S.P. D.B. Shrestha

**Visiting Advisor:**

Mr. N. Sharma
General Manager
Gorkhapatra Corporation, Nepal

**Photographs:**

Curtsey: Photography Section
Police Headquarters Nepal

**Photographer:**

Inspector Khem Ghale

**Published by:**

Police Headquarters Kathmandu, Nepal

## Table of Contents

| | | |
|---|---|---|
| 1. | The Organisation | 13 |
| 2. | Training | 21 |
| 3. | Celebrations | 29 |
| 4. | The Enterprising | 45 |
| 5. | Police Sports | 59 |
| 6. | Spotlight | 71 |
| 7. | Extra-Curriculam | 95 |

# संगठन



सुरक्षा











# ORGANISATION

# पदोन्नति तथा अवकाश

प्रहरी सेवामा उमेर, स्वास्थ्य, आचरण, कार्य दक्षता आदि कुराहरूलाई सुक्ष्म रूपमा मूल्यांकन गरी पदोन्नति गरिने व्यवस्था छ भने उमेरको हद तथा सेवा अवधिको आधारमा सेवा निबृत्ति हुन्छ।

आर्थिक वर्ष २०४४।४५ अवधिभरमा निम्नानुसारका राजपत्रांकित प्रहरी अधिकृतहरूले पदोन्नति तथा अवकाश प्राप्त गर्नु भएको छ:-

**पदोन्नति**

| | |
|---|---|
| प्रहरी वरिष्ठ उपरीक्षक पदमा--- | ४ |
| प्रहरी उपरीक्षक पदमा--- | १२ |
| प्रहरी नायब उपरीक्षक पदमा--- | ४३ |
| प्रहरी निरीक्षक पदमा--- | ३९ |

**अवकाश**

| | |
|---|---|
| प्रहरी नायब महानिरीक्षक--- | २ |
| प्रहरी उपरीक्षक--- | ५ |
| प्रहरी नायब उपरीक्षक––– | १३ |
| प्रहरी निरीक्षक––– | २१ |








# Promotions and Retirement

While promotions in Police service are effected on the basis of a subtle and minute evaluation of an individual's age, health, behaviour, work-skill and the like, retirements are normally based on considerations of age-limit and the length of one's service.

The following number of Police Officers were promoted and retired during the FY 2044/45 B.S. (1987/88):

## Promoted

| | |
|---|---|
| Senior Superintendents | 4 |
| Superintendents | 12 |
| Deputy Superintendents | 43 |
| Inspectors | 39 |

## Retired

| | |
|---|---|
| Deputy Chiefs of Police | 2 |
| Superintendents of Police | 13 |
| Deputy Superintendents | 13 |
| Inspectors | 21 |

# ट्राफिक नियन्त्रण

भौतिक विकास र सम्यताको लागि सवारी साधन आजको युगमा अनिवार्य आवश्यकता भैसकेको छ। नेपालको ट्राफिक व्यवस्थाको इतिहास पल्टाउने हो भने सर्व प्रथम नेपालमा मोटर इन्जिनबाट गुड्ने सवारी तत्कालीन प्रधान मंत्री चन्द्र शम्शेरबाट झिकाइएको थियो। टि. फोर्ड नामक सो गाडी भिमफेदीदेखि थानकोटसम्म बोकाएर ल्याएको थियो। बाटो घाटोको कमी, महंगी र राजनैतिक वातावरणले गर्दा त्यसताका सवारी साधन गाडी सर्व-साधारणको लागि आफ्नो बुता भन्दा बाहिरको कुरा थियो। प्रथमतः कालोपत्रे सडक तत्कालीन प्रधान मंत्री जुद्ध शम्शेरको पालामा मात्र सिहदरबारदेखि नागस्थान हुँदै राजदरवार पश्चिम ढोकासम्म बनाइएको थियो।

सवारी चलाउँदा सवारी चालक अनुमति पत्र राख्नु पर्ने अनिवार्यता पनि चन्द्र सम्शेरको पाला देखि रहेको देखिन आउँछ। नेपालमा सबै भन्दा पहिलो सवारी चालक प्रमाणपत्र लिने व्यक्ति लाजिम्पाट निवासी मिस्त्री कुल बहादुर हुन् जसले भारत कलकत्ताको ड्राइभिग स्कूलमा प्रशिक्षण प्राप्त गरेका थिए।

हालसम्म अधिराज्यमा ८०,००० भन्दा बढि विभिन्न सवारी साधन दर्ता भई चल्दछन्। दिनानुदिन बढ्दो जनसंख्या, सडकको साँगुरो पना, जनतामा ट्राफिक ज्ञानको अभाव, पुराना अवस्थाका सवारी साधनहरू, बढ्दो सवारी यातायात र सीमित सडक व्यवस्थाका कारण सवारी दुर्घटना पनि क्रमशः बढ्दै गएको पाइन्छ। तथापि सवारी दुर्घटना रोकथामको लागि ट्राफिक प्रहरीबाट निम्न प्रकारबाट कार्य भैरहेको पाइन्छः-

१. सवारी चालक, सवारी धनी, पैदल यात्री, विद्यार्थीहरू लगायत विभिन्न महानुभाव–हरूमा पर्चा पम्पलेट, माइकिङ र रेडियो नेपाल प्रहरी कार्यक्रम समेतको माध्यमद्वारा सवारी ज्ञान सम्बन्धी शिक्षा प्रदान गरेर।
२. सवारी साधनको अवस्था र सवारी चालक अनुमति पत्रको जाँचका साथै राजमार्गगस्ती र मोवाइल जाँच व्यवस्थाबाट पनि ट्राफिक दुर्घटना रोकथाममा प्रहरी प्रयत्नशील छ।

काठमाडौं उपत्यकामा बढ्दो सवारी साधनलाई नियमित किसिमबाट संचालन गरी दुर्घटना नियन्त्रण गर्नुको साथै सवारी संचालन र पैदलयात्रीको सुविधाको लागि महत्वपूर्ण सवारी मार्गमा एकतर्फी सवारी नियम लागु गरिएको छ। दुरावस्थामा संचालन भैरहेको सवारी साधनहरूलाई जाँच गरी ठीकअवस्थामा राखेर मात्र संचालन गर्न दिने प्रचलनको थालनी गरिएको छ। जसले सवारी दुर्घटना नियन्त्रणमा सकारात्मक सघाउ पुऱ्याएको महसुस गरिएको छ।



# Traffic Control

Vehicular conveyance constitutes an important appendage to the material civilisation of man. In Nepal, history of motorised traffic can be traced back to the times of then Premier Chandra Shumshere who had the first T. Ford vehicle imported and transported on human backs all the way from Bhimphedi to Thankot on way to Kathmandu. And the first stretch of black-topped road, built during premier Juddha Shumshere's rule, ran from the Singha Durbar to the western gate of the Royal Palace *via* Nagsthan.

The stipulation that driving licenses be made compulsory for all those aspiring to drive a motorised vehicle can also be traced back to premier Chandra Shumsher's time. The first individual to obtain such a driving license was Kul Bahadur of Lazimpat.

Todate, some 80,000 registered vehicles ply in the kindgom. The inceasing pressure of population, the narrow roadways, lack of traffic sense among laymen, outdated transport equipment, etc. have had their share in adding to the quantum of traffic hazards. The Traffic Police, nevertheless, has undertaken the following steps with a view to reduce or prevent traffic accidents:

1. Inculcating of traffic sense amongst all segments of the population by means of posters, pamphlets, miking, etc. as well as through Police Broadcasting Programmes over Radio Nepal.
2. Regular inspection of the condition of mobile vehicles as also of driving licenses, besides organising highway patrol and mobile checking squads.

In order further to ensure a smoother traffic flow and to facilitate pedestrian movement, one-way traffic rule has been introduced on the busier and more important among the capital's thoroughfares. Also, routine checkup of vehicles has been made incumbent and the practice of allowing only roadworthy vehicles to ply has been initiated.

# कम्प्यूटर सेवामा विस्तार

बढ्दो जनसंख्या, सवारी साधन, अपराधको जटिलता र द्रुततालाई समेत अवलोकन तथा मनन गरी वर्तमान प्रहरी सेवाका विभिन्न क्षेत्रहरूमा आधुनिकीकरण तथा वैज्ञानिकीकरण गरिनु आवश्यक ठानेर नेपाल प्रहरीले पनि आफ्नो भैरहेको सामान्य कम्प्यूटर कार्यप्रणालीलाई विस्तृत गर्ने लक्ष्य राखेको छ।

यसै लक्ष्य अनुरूप २०४४ पौषमा प्रहरी प्रधान कार्यालयबाट एक जना प्रहरी अधिकृतलाई अन्य देशहरूको प्रहरी सेवामा कम्प्यूटरको प्रयोग विषयको अध्ययन गर्न बैंकक तथा सिंगापुर पठाइयो। आगामी दिनहरूमा नेपाल प्रहरीले पनि प्राथमिकताको आधारमा निम्न क्षेत्रहरूमा उपयुक्त कम्प्यूटरको प्रयोग गर्ने योजना राखेको छ।

(क) इमिग्रेसन नियन्त्रण
(ख) सवारी साधन दर्ता
(ग) सवारी चालक प्रमाण पत्र दर्ता
(घ) सवारी दुर्घटना अभिलेख तथ्यांक
(ङ) अपराध तथा अपराधी सम्बन्धी अभिलेख
(च) जिन्सी नियन्त्रण
(छ) प्रहरी कर्मचारीको वैयक्तिक विवरण
(ज) लेखा
(झ) अनुसन्धान कार्य आदि



कम्प्युटर सेवाको विस्तार

Expansion of Computer Services

# Computer Services Expansion

Keeping in view the complexities and speed of modernday crimes besides problems ushered in by a multiplying population and faster modes of transport, Nepal Police has found it incumbent to modernise its various wings and services along more scientific lines and, to that end, has taken up a programme of expanding its existing computerised network.

With this in mind, a Police Officer assigned to the Head quarters was sent to Bangkok and Singapore last Poush 2044 (December 1987) for a study of computer operations in Police work. As a follow-up, Nepal Police intends expanding the scope of its computer utilisation so as to cover the following fields:

(a) Immigration control
(b) Registration of vehicular transports
(c) Driving License Registration
(d) Traffic accident record and data maintenance
(e) Crime and Criminal statistical data
(f) Inventory control
(g) Bio-data of police personnel
(h) Accounts
(i) Investigative work, etc.

# लागु औषध नियन्त्रणमा प्रहरी भूमिका



लागु औषध दुर्व्यसन जस्तो संक्रामक रोगले संसार भरिनै मानव जातिको मूल्य र मान्यतालाई धमिरो लगाई मानवको प्रतिभा र क्रियाशीलतालाई धराशायी बनाउँदै लैजाने बास्तविकतामा दुइमत कदापि हुन सक्दैन।

विगत ५।७ वर्ष यता नेपालमा लागु औषध दुर्व्यसनको संख्यामा भएको बृद्धि, लागु औषधको अन्तर्राष्ट्रिय कारोबारमा नेपाल ट्रान्जिट प्वाइन्टको रूपमा प्रयोग भएबाट अभिबृद्धि भएको यस संक्रामक रोगको नियन्त्रण तथा निराकरणका लागि श्री ५ को सरकारले विशेष ध्यान दिँदै आएको छ। यस्तो अपराध गर्ने, षड्यन्त्र गर्ने, उद्योग गर्ने, दुरुत्साहन गर्ने र मतियार हुने तथा अधिराज्यबाट वा नेपाल अधिराज्य भित्र कुनै लागु औषध निकासी वा पैठारी गरी विदेशमा लगी बसी व्यापार गर्ने नेपाली वा विदेशी समेतलाई लागु औषधको प्रकार र मात्रा हेरी २० वर्ष सम्म कैद र २० लाख रूपैंया सम्म जरिवानाको प्रावधान लागु औषध नियन्त्रण ऐनमा राखिएको छ। लागु औषध अपराध नियन्त्रण निमित्त प्रहरी प्रधान कार्यालयमा समेत लागु औषध शाखाको स्थापना र अधिराज्यका महत्वपूर्ण ६ स्थानमा (मेची, कोशी, नारायणी, बागमती, गण्डकी र लुम्बिनी अंचलमा) लागु औषध नियन्त्रण समूहको गठन गरिएको छ। साथै लागु औषध दुर्व्यसन र कारोबार विरूद्धको अभियानमा जनचेतनातथाजन-सहभागिता जुटाउने कार्यमा पनि तीब्रता ल्याइएको छ जुन कार्यमा नेपाल प्रहरी सकृयताका साथ समर्पित रहेको छ।

लागु औषध समस्या नियन्त्रण र निराकरणका लागि नेपाल प्रहरीले यस संक्रामक रोगसंग सदैव होसियार रहन पर्चा, पम्पलेट पोष्टरिंग तथा रेडियो र टेलिभिजन समेतबाट प्रचार प्रसार गरि जन चेतना अभिबृद्धिको प्रयास गरी आएको छ भने बिगत बर्षहरूमा झैं यस वर्ष पनि बिभिन्न जिल्लाका कृषकहरूले लगाएका अवैध गाँजा खेती नष्ट गर्ने कार्य सकृयताका साथ जारी राखिएको छ। फलस्वरूप कानूनी रूपबाट अवैध गाजा खेतीको बदलामा अन्य नगदे बालीको खेती गर्ने तर्फ कृषकहरू उन्मुख देखिएका छन्। साथै लागु औषध दुर्व्यसन र कारोबारमा संलग्न व्यक्तिहरू उपर कडाईका साथ गरे भएका काम कारवाही र लत लागि सकेका दुर्व्यसनीहरूको संख्यामा आशातीत रूपमा नियन्त्रण हुन गएको महसुस गरिएको छ।

अवैध लागु औषध अपराधमा संलग्न भै पक्राउ परेका मानिस र बरामद भएको लागु औषधको विवरण:-

| | |
|---|---|
| मानिस पक्राउ | ४७७ |
| गाँजा | ८९,९०४ किलो |
| हिरोइन | ३.३ किलो |
| चरेश | २७९ किलो |
| कोकिन | १६.६ ग्राम |
| अफीम | १.५ किलो |

# Police Role In Controlling Drug Abuse

That an acutely infectious affliction like drug-addiction has been eating up the very vitals of human values the world over and, as a consequence, has been raging the creative faculties and efficacy of man to the ground is a reality of life wecan ignore only at our peril.

In view of an alarming trend in drug-addiction in Nepal over the last 5-7 years and also in view of the country being increasingly used as a transit point in international drug trafficking, His Majesty's Government of Nepal has paid particular attention to the control and negation of these trends. Any Nepalese or foreign national involved in the import or export of such drugs as also others aiding, abetting, conspiring or associating in such criminal activity are liable to be punished with an imprisonment of upto 20 years and a fine of upto Rs. 2 million under the Drug Control Act. In order to implement such legal provisions efficiently a Drugs Section has been set up at the Police Headquarters besides one Drug Control squad each at six vulnerable areas of Mechi, Koshi, Narayani, Bagmati, Gandaki and Lumbini Zones. Simultaneously, efforts to enhance public awareness and people's co-operation in checking illicit drug-traffic have been geared up while the Nepal Police itself has also been confronting this task with zeal and dedication. Distribution of educative leaflets and pamphlets among the people, postering, publicity through popular mass-media like the Radio and Television etc., on the one hand and the stepping-up, this year, of efforts at destroying illegal cultivation of drugs in various Districts on the other constitute parts of this two-pronged endeavour. As a result, many an agriculturist has evinced interest in turning his attention from the cultivation of illegal drugs to that of other cash crops. Besides, the stringent actions initiated against drug addicts and drug traffickers has brought about a noticeable fall in their numbers beyond all expectations.

The number of people arrested for involvement in such crimes and the quantity of drugs seized in the process are tabulated as under:-

| | |
|---|---|
| Persons arrested | 477 |
| Marijuana | 89,904 kg |
| Heroin | 3.3 kg |
| Hashish | 279 kg |
| Cocaine | 16.6 kg |
| Opium | 1.5 kg |

# तालीम



लागू औषध तालीम।
Drugs Training









# TRAINING

# तालीम

विक्रम सम्वत् २००१ साल मार्ग १५ गते प्रकाशित एस. पी. सवाल तथा ईन्सपेक्टर सवालमा प्रहरी तालीमको व्यवस्था भएको पाइन्छ। तथापि त्यसबेला सुपरिटेण्डेण्ड र इन्सपेक्टर मातहतको जवानहरूलाई चाँदमारी तालीम दिलाउने, ५ हात लामो मोटो कठ्वासको लट्ठी र हातको काम सिकाउने कार्य गर्दथे। २००७ सालमा प्रजातन्त्रको उदय पश्चात मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम राख्ने प्रहरीको गहन जिम्मेवारीलाई समय सापेक्ष दक्ष, योग्य र सक्षम् बनाउने माध्यम तालीमको आवश्यकता बोध गरी २०११ सालमा नेपाल पुलिस तालीम केन्द्रको नामबाट ललितपुरको श्रीमहलमा प्रहरी तालीम केन्द्र स्थापना भई २०११ साल पुष बाट ३५ जना प्रशिक्षार्थीलाई ९ महिनाको तालीम संचालन गरियो। यो नै नेपाल प्रहरीको इतिहासमा पेशागत तालीम दिने परिपाटीको थालनी थियो। २०१२ सालमा पुलिस ऐन र २०१५ सालमा नेपाल पुलिस फोर्स नियमावली प्रकाशित भएपछि मात्र प्रहरीको काम, कर्तव्य, सेवा शर्त र सुविधा तथा अपराध र सजाय सम्बन्धी कार्य निश्चित भई खुला प्रतियोगिताद्वारा नया नियुक्ति भएका तथा विभागीय पदोन्नति भएका अधिकृतहरूले निर्धारित विषयहरूमा विभागीय परीक्षा उत्तिर्ण गर्नुको साथै निर्धारित तालीम पूरा गरी व्यवहारिक तालीममा समेत कार्य कुशलताको प्रमाणपत्र पाउन सफल हुनु पर्ने व्यवस्था भयो। परिक्षणकालमा रहेको अवस्थामा उल्लेखित परीक्षा उतिर्ण गर्नेलाई मात्र स्थायी नियुक्ति गरिन्थ्यो।

२०१९ साल जेष्ट १ गते देखि रिक्रुट आधारभूत तालीम संचालन गरी कार्तिक २९ गते दीक्षान्त कवाज भएको नेपाल प्रहरी तालीम केन्द्रको ईतिहासमा पहिलो अवसर मानिन्छ।

२०१९ साल पौष ९ गते नेपाल पुलिस (तालीम) नियमावली प्रकाशनमा आएपछि ४० बर्ष मुनिका प्र. स. नि. देखि प्र. नि. सम्मका प्रहरी अधिकृतहरूले अनिवार्य रूपमा तालीम लिनु पर्ने भयो।

समयको गति संगै सक्षम, दक्ष र योग्य रहनु पर्ने प्रहरी कर्मचारीको सीप कौशल दक्षतालाई अभिबृद्धि गराउन पुन: २०२३ सालमा पूर्वान्चलको धरान र पश्चिमान्चलको नेपालगन्जमा रिक्रुटहरूलाई तालीम दिन तालीम केन्द्र स्थापना गरिए भने २०३१ सालमा बुटवल र काठमाडौं तथा २०३९ सालमा सुदूर पश्चिमान्चलको दिपायल समेतगरि हाल ५ विकास क्षेत्रमा क्षेत्रीय प्रहरी तालीम केन्द्रको स्थापना भई सकेको छ। सदर प्रहरी तालीम केन्द्रमा अधिकृत स्तरको आधारभूत र उन्नत तालीम प्रदान गरिन्छ भने क्षेत्रीय तालीम केन्द्रमा प्रहरी हवल्दार तथा जवानहरूलाई प्रशिक्षण दिइने व्यवस्था गरिएको छ।

# TRAINING

The rudiments of police training arrangements form a part of the "S.P.'s Sawaal" and the "Inspectors' Sawal" published on Marga 15, 2001 BS. With the advent of democracy in 2007 BS (1951 AD) dawned the realisation of the need for making the police force more skilled and efficent in keeping with the times through the medium of advanced training; this rusulted in the setting-up, in 2011 BS, of the Nepal Police Training Centre at Sri Mahal, Lalitpur, which conducted a 9-month training course for 35 persons in Poush of the same year. That was indeed the beginning of professional training in the history of Nepal Police. The enactment of the Police Act in 2012 BS and the Nepal Police Regulations in 2015 BS spelled out the functions and duties, service terms, conditions and facilities besides penal provisions for specific crimes; they also laid down the procedure of recruitment of police personnel through open competitions, the need for both new entrants or promotee police officers to pass departmental examinations on certain specified subjects, as also made it incumbent for them to obtain proficiency certificates of completion of a practical training at the end of the theoretical ones. Only those who qualified themselves after taking specified exams at the end of their probationary periods were made eligible for permanent appointments.

The initiation of a basic training for recruits on Jestha 1, 2019 BS and their passing-out parade on Kartick 29 of the same year were the first such instances in the history of Nepal Police Training Centre.

Following the publication of Nepal Police (Training) Regulations on Poush 9, 2019, police officers of the rank of Sub-Inspectors and Inspectors below 40 years of age were made to undergo compulsory trainings.

The process of making police personnel more efficient and capable at all times received further impetus with the establishment, in 2023 BS, of training centres for recruits at Dharan in the eastern region and Nepalgunj in the western region followed by the one each at Butwal and Kathmandu in 2031 BS and at Dipayal in the far western region in 2039. While the Central Police Training Centre specialises in basic and advanced courses for officers, those in the five development regions impart trainings to Hawildars and other ranks of the police force.

# ईलाका प्रहरी कार्यालय प्रमुख तालीम



बिहानको गन्ती कवाज Early morning Roll-Call

देशमा शान्ति सुव्यवस्था कायम राख्न [illegible] अपराधको नियन्त्रण र अनुसन्धान गर्ने [illegible] ईलाका प्रहरी कार्यालय (थाना) को ज्यादै [illegible] भूमिका रहेको हुन्छ। नेपाल जस्तो विकट [illegible]लिक बनावट र खुल्ला सीमा भएको देशमा [illegible] क्षेत्र र जन-साधारण सम्म अति निकटतम [illegible] हुन सक्ने प्रहरी इकाई वास्तवमा ईलाका

[illegible] कार्यक्रम Training Schedule-



[illegible] तन्दरुस्ती पिटी Stay-fit: P.T.

[illegible] कार्यालय नै हो। उपरोक्त कुरालाई [illegible] गरी ईलाका प्रहरी कार्यालय प्रमुखको [illegible] प्रायश: अनुभवी तथा दक्ष प्रहरी [illegible]हरुकै चयन गरिन्छ। ईलाका प्रहरी [illegible] प्रमुख भै कार्य गर्न निकै दक्षता अनुभव

तथा योग्यताको आवश्यकता पर्ने कुरालाई महशुस गरेर नै ईलाका प्रहरी कार्यालय प्रमुखको लागि हाल सालै देखि एक विशेष तालीमको व्यवस्था गरिएको छ।

[illegible] तालीमको उद्देश्य ईलाका प्रहरी [illegible]को प्रमुख भई तोकिएका गहन [illegible] कुशलतापूर्वक सम्पन्न गर्न सक्ने [illegible] बनाउनु रहेको छ।



निरिक्षण परेड Inspecting turn-out



चाँदमारी
Firing





[illegible] कवाज

Arms Drill

यस तालीमको अवधि ६ हप्ता राखिएको छ र तालीमको लागि उपयुक्त उम्मेदवारको छनौट पनि शैक्षिक योग्यता, अनुभव तथा कार्यदक्षताको आधारमा गरिने प्रावधान छ।

यस तालीममा व्यावहारिक पक्षलाई विशेष जोड दिइन्छ। साथै व्यावहारिक कार्यदक्षता अभिबृद्धि गराउने सिलसिलामा सामूहिक-छलफल, समस्या समाधान योजना तथा कार्यान्वयनको प्रशिक्षण गराइन्छ।



कक्षा संचालन

Class Room



[illegible] पार

Crossing Verticle Ladder



चांदमारी परिक्षा

Assessing Marksmanship

# Training of Area Police Office Commanders



दिक्षान्त कवाज

Passing Out Parade

The Area Police Offices (Thanas) play a vital and significant role in the maintenance of peace and order and in the control and investigation of crimes. Pa;rticularly, given our country's difficult geographical terrain and open-border (in the south, east and west), the Area Police Office, in fact, is the only security outfit capable of establishing close and intimate liaison with the far-flung localities and their inhabitants. And the importance accorded to them is generally reflected in the choice only of experienced and efficient police officers to man such Area offices as their commanders.



दिक्षान्त कवाज सलामी सं. प्रधान मन्त्रीबाट ग्रहण

The Rt. Hon. Prime Minister taking salute on Passing out Parade day

Of late a special training programme that aims at making them better equipped in shouldering their onerous responsibilities in a more efficient manner, has also





शपथ ग्रहण

Oath taking ceremony



तालीममा उत्कृष्ट पशिक्षार्थीहरू पुरस्कृत।



Distribution of Prizes



प्र.म.नि. बाट प्रशिक्षार्थीहरूलाई सम्बोधन।

Chief of Police addressing Senior trainee officers attending Crime Investigation Course.

been laid up for the benefit of such Area commanders. This is a six-week training and the due cognisance is accorded to the qualifications, experience and efficiency of participants in their initial selection for the same. The practical aspect receiving special emphasis in the course of such training includes group discussions, problem-solving and the like.



कक्षाको दृश्य

A class room Scene

# पूर्व पदोन्नति तालीम

तालीम प्रहरी जीवनको कसी हो जसले प्रहरी कार्यलाई दक्ष र प्रभावकारी बनाउँदछ। अपराध नियन्त्रण, अनुसन्धान र शान्ति सुरक्षा कायम राख्ने जस्ता चुनौतीपूर्ण कार्य सफलतापूर्वक वहन गर्न, दर्जा अनुसार काम कर्तव्य निर्वाहका लागि यथेष्ठ जानकारी गराउन, तथा नेतृत्व गर्ने क्षमतामा अभिबृद्धि गराउने उद्देश्य अनुरूप प्रहरी कर्मचारीलाई योग्य दक्ष समयानुकूल सक्षम बनाउन पूर्व पदोन्नति तालीमको व्यवस्था गरिएको छ।

माथिल्लो पदमा पदोन्नति हुनलाई प्रहरी कर्मचारीले अनिवार्य रूपमा तोकिएको तालीम गर्नु पर्ने व्यवस्था ग्न्री नियमावली पाँचौं संशोधन ०४३ मा उल्लेख गरिएको छ। प्रहरी जवानबाट प्रहरी हवल्दारमा पदोन्नति हुन प्रहरी जवान कमाण्ड तालीम गर्नु पर्दछ भने प्रहरी हवल्दारले प्र. ह. पूर्व पदोन्नति ग्रेड वन, प्रहरी सहायक निरीक्षकले जुनियर कमाण्ड तालीम प्रहरी नायव निरीक्षकले पूर्व पदोन्नति तालीम ग्रेड टु, प्रहरी निरीक्षकले इन्टरमिडिएट कमाण्ड र प्रहरी नायव उपरीक्षकले सिनियर कमाण्ड तालीम गरे पछि मात्र प्रहरी ऐनमा तोकिएको अवधि पूरा भएपछि एक तह माथिल्लो पदमा बढुवा हुन सक्दछन्।







## Pre-promotion Training

Training is tantamount to a trial or test that helps a policeman steel and arm himself in the efficient and skillful discharge of his duties.

The Police Rules (Fifth Amendment), 2043 B.S. (1985) specifically lays down that a police officer aspiring for a promotion must compulsorily undergo a specified training course. These include the Police Command Training for incumbent constables seeking promotion to the position of a **Havildai** (Head-Constable), Pre-promotion Grade I Training for,Havildars. junior Command training for Assistant Sub-Inspectors, Pre promotion training Grade II fo Sub-Inspectors, Intermediate Command Training fo Police Inspectors, and Senio Command Training for Dy. Superintendents of Police etc. It is only on successful completion of such respective trainings and at the end of the legally prescribed time frame that a police office becomes eligible for promotion to the next higher rank.





राती गन्ती कवाज   Evening Roll-Call

राती खाना   Dinner in Mes

# समारोह








# CELEBRATIONS



# श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव

नेपाली मात्रका हृदय सम्राट राष्ट्रनायक **श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको** शुभ-जन्मोत्सवलाई नेपाल प्रहरीले परम्परा कै रूपमा प्रत्येक वर्ष विशेष उत्सवको रूपमा मनाउँदै आएको छ। मुलुक र मुलुकीको भलाइको लागि सदा चिन्तनशील रहिबक्सने राष्ट्रनायक सरकारको शुभ-जन्मोत्सवलाई यस प्रकारले समारोहको रूपमा मनाउने सौभाग्य नेपाल प्रहरीले २०२१ सालदेखि पाएको हो। यस पुनीत अवसरमा प्रहरी कलाकारहरूद्वारा अति रोचक साँस्कृतिक कार्यक्रम भक्तिपूर्वक प्रदर्शन गरिनुको साथै राष्ट्रप्राणको गाथमा सदा सुस्वास्थ्य तथा चिरायुको लागि टोष्ट प्रस्ताव गरिन्छ। उक्त समारोहमा **श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार, श्री ५ युवराजाधिराज सरकार** तथा राजपरिवारका अन्य सदस्य सरकारहरू समेतको उपस्थितिले प्रहरी मात्रको मनोबल तथा हौसलामा ठूलो अभिबृद्धि हुन गएको छ।



श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्रहरी महानिरीक्षकले शुभजन्मोत्सव उपहार चढाउनु हुँदै।
Chief of Police Offering Birthday Gift to His Majesty the King.





श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकारका जुनाफमा प्रहरी महानिरीक्षक कार्यक्रम पुस्तिका चढाउनु हुँदै।

Chief of Police Presenting Programme Booklet to HRH Prince Gyanendra








श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा आयोजित सांस्कृतिक कार्यक्रममा श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकारको सवारी।

HRH Prince Gyanendra Bir Bikram Shah at the Cultural Function on the occasion of HM The King's Auspicious Birthday.





प्रहरी अधिकृतहरूबाट टोस्ट प्रस्ताव।

Police Officers proposing a Toast.

# His Majesty's Auspicious Birthday



It has been a well nurtured tradition with the Nepal Police to celebrate the auspicious Birthday of His Majesty King Birendra Bir Bikram Shah Dev every year in the shape of a special festivity. This tradition of celebrating the auspicious Royal Birthday in a special manner has made the police force proud since 2021 B.S. (1964) and this gala occasion is marked by the staging of a highly intertaining cultural function by police artistes besides the proposing of a toast for the good health and long life of His Majesty. Such celebrations, graced as they are by the presence of His Majesty, Her Majesty the Queen, HRH the Crown Prince, and other honoured members of the royal family have gone a long way in boosting the morale of the entire police force to a great extent.

प्रहरी कलाकारद्वारा प्रदर्शित सांस्कृतिक कार्यक्रमको विविध झलक।

Glimpses of the Cultural Show by Police artists.







गीतिकथा संकल्पको एक दृश्य।

A Scene from Song-Drama "Sankalpa".

# किंग्स व्याटन

श्री ५ महाराजाधिराज सरकारका बाहुलीबाट यस वर्ष, अन्तर अंचल कार्यदक्षता प्रतियोगितामा अधिकतम अंक प्राप्त गरी सर्वप्रथम हुने गण्डकी अंचल प्रहरी कार्यालयलाई सम्मानित किंग्स व्याटन प्रदान गरिबक्स्यो।

आफ्नो ईलाकामा शान्ति सुरक्षाका व्यवस्था,अनुशासन, कुशल प्रशासन, अपराध नियन्त्रण तथा अनुसन्धान,जनसेवा, जनसम्पर्क रेकर्ड राख्ने प्रकृया आदि जस्ता कुराहरूलाई मूल्यांकनको आधार बनाएर अधिराज्यका चौधै अंचल प्रहरी कार्यालयहरू बीच सकारात्मक प्रतिस्पर्धा गराई सम्मानित किंग्स व्याटनबाट पुरस्कृत गरिने परम्पराको थालनी २०३९ सालदेखि भएको हो।



श्री ५ महाराजाधिराज सरकारबाट २०४४ सालको सर्वोत्कृष्ट गण्डकी अंचल प्रहरी कार्यालयलाई किंग्स व्याटन बक्सँदै।

HM Birendra presenting The King's Baton to The Gandaki Zonal Polie for outstanding Performance in 2044 BS (1987).

# King's Baton

His Majesty the King honoured the Gandaki Zonal Police, which came out first by scoring the highest marks in the Inter-Zonal Efficiency Competition this year, with the highly coveted King's Baton.

In these contests, organised amongst the Zonal Police Offices of all the Country's 14 Zones, units are adjudged on the strength of evaluation of their performances in the fields of law and order maintenance in their respective areas, discipline, efficient administration, crime control and investigation, public relations, record-keeping, etc. Such evaluations culminate in the award of the highly-prized King's Baton, which has been a tradition with Nepal police since 2039 B.S.

# सुशोभन समारोह

**श्री ५ महाराजाधिराज सरकारको** शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा आफ्नो कार्य क्षेत्रमा उदाहरणीय योगदान गर्ने विभिन्न प्रहरी अधिकृत तथा जवानहरूलाई विगत वर्षमा हैं यस वर्ष पनि मौसुफ सरकारबाट विभूषण प्रदान गरिबक्स्यो।

नव वर्ष २०४५ का दिन नारायणहिटी राजदरबारमा आयोजित यस सुशोभन समारोहमा:-

| | | |
|---|---|---|
| १. | गो. द. बा. दोश्रो | १ |
| २. | गो. द. बा. तेश्रो | ४ |
| ३. | त्रिशक्ति पट्ट चौथा | १ |
| ४. | गो. द. बा. चौथा | ८ |
| ५. | गो. द. बा. पाँचौं | १ |
| ६. | प्रहरी रत्न र नगद | १ |



श्री ५ महाराजाधिराज सरकारबाट प्रहरी महानिरीक्षकलाई गो. द. बा. दोश्रो द्वारा विभूषित गरिबक्सँदै।
HM The King decorating the Chief of Police with Gorkha Dakshin Bahu Class II



श्री ५ महाराजाधिराज सरकारबाट प्र.नि. पुरुषोत्तम सिलवाललाई मरणोपरान्त बक्स भएको गो.द.बा. चौथा श्रीमती सिलवाललाई बक्स हुँदै।
HM the King giving away the Gorkha Dakshin Bahu Class IV decoration to Mrs. Silwal, posthumosly confered to the late Insp PS Silwal

अधिकृत तथा जवानहरूलाई दुर्गम स्थानमा सेवा गरे बापत दुर्गम सेवा पदक ३२६ जनालाई, ईमान्दारीपूर्वक २५ वर्ष सेवा गरे बापत दीर्घ सेवा पदक ४६ जनालाई र प्रहरी सेवा पदक १०५६ जनालाई प्रदान गर्नुभयो।

**श्री ५ महाराजाधिराज सरकारबाट** ०४४ साल कार्तिक १६ गते देखि १८ गतेसम्म दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरूका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूको तेश्रो शिखर सम्मेलन पहिलो पटक काठमाडौं नेपालमा सफलतापूर्वक सुसम्पन्न भएको कदर स्वरूप जम्मा २,११३ जना प्रहरी अधिकृत तथा जवानहरूलाई सार्क शिखर सम्मेलन स्मृति पदक बक्स्यो। तेश्रो सार्क शिखर सम्मेलन स्मृति पदक प्राप्त गर्ने प्रहरी अधिकृत तथा जवानहरूलाई २०४४ चैत्र २५ गते प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक प्रहरी वरिष्ठ उपरीक्षकहरूले सुशोभित गर्नुभयो।

समेत गरी जम्मा १६ जना प्रहरी अधिकृत जवानहरू विभूषित हुनु भएको थियो। जस मध्ये स्व. प्र. नि. पुरुषोत्तम सिंह सिलवाललाई गो.द.बा. चौथा मरणोपरान्त प्राप्त भएको थियो।

**श्री ५ महाराजाधिराज सरकारबाट** नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा त्यस क्षेत्रमा उत्कृष्ट कार्य गरे बापत महेन्द्र रत्न भूषणले १ जना र सेवा पदकले २ जना प्रहरी अधिकृतलाई मिति ०४४।१२।४ गतेका दिन शाही नेपाली सैनिक मंचमा एक समारोहका बीच विभूषित गरिबक्स्यो।

यसका साथै नव वर्षको उपलक्ष्यमा प्रहरी महानिरीक्षक श्री हेम बहादुर सिंहबाट प्रहरी प्रधान कार्यालयमा आयोजित समारोहमा प्रहरी



श्री ५ महाराजाधिराज सरकारबाट एशियाली खेलकूदमा बक्सीङका विजेता [illegible] [illegible] दल बहादुर रानालाई गो. द.बा. बक्स हुँदै।
HM the King decorating S.I. Dal B. Rana for his outstanding victory in the Boxing Championship during Asian Games

# Investiture Ceremony

His Majesty the King's auspicious Birthday this year was marked, as usual, by an Investiture Ceremony in the course of which His Majesty conferred decorations, medals, cash prizes and certificates to various police personnel in recognition of the distinguished services rendered by them in the discharge of their respective duties.

The function held on the New Year's Day 2045 at Narayanhiti Royal Palace precincts saw some 16 Police Officers and other ranks receive various awards which included a Gorkha Dakshin Bahu Fourth conferred Posthumously to late Police Inspector Purushottam Singh Silwal. Other recipients included:

1. Gorkha Dakshin Bahu 2nd — 1 person
2. Gorkha Dakshin Bahu 3rd — 4 persons
3. Trishakti Patta 4th — 1 person
4. Gorkha Dakshin Bahu 4th — 8 persons
5. Gorkha Dakshin Bahu 5th — 1 person
6. Prahari Ratna & Cash Award — 1 person

Amidst a special function at the Royal Nepalese Army Pavillion on 2044.12.4 (March/April, 1988), His Majesty the King conferred Mahendra Ratna Bhushan on 1 person and Service Medals to 2 persons in recognition of an exemplary discharge of their duties in the area during Their Majesties' unofficial tour of the Eastern Development Region.

His Majesty the King also awarded SAARC Summit Meeting Commemoration Medals on 2113 members of the Police force in recognition of their services during the Third SAARC Summit of the Heads of State and Governments successfully held for the first time in Kathmandu between Kartik 16 and 18, 2044. These medals were conferred on the respective recipients by the Chief of Police, Additional Chief of Police, Dy. Chiefs of Police and Senior Superintendents of Police on Chaitra 25, 2044 BS. at Police Headquarters.

The New Year's Day was also marked by another function organised at the Police Headquarters in the course of which Chief of Police Mr. Hem Bahadur Singh conferred Durgam Seva Padak (for discharging commendable services in remoter areas) on 326 persons, Deergha Seva Padak (for distinguished service extending over 25 years) on 46 persons and Prahari Seva Padak (Police Service Medals) on 1056 persons.



प्रहरी महानिरीक्षकबाट प्र.अ.म.नि. रत्न शम्सेर ज.ब.रा. लाई दीर्घ सेवा पदक प्रदान गर्नुहुँदै।

Chief of Police decorating Addl Chief of Police Ratna Shumshere JB Rana with Long Service Medal



प्र. अ. म. नि. बाट प्र. ना. नि सुशोभित

Additional Chief of Police decorating a Sub-Inspector

प्रहरी महानिरीक्षकबाट सुशोभित हुने प्रहरी कर्मचारीलाई संबोधन

Chief of Police addressing the receipients of medals





# श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव

राजमहिषी **श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकार**को ३९औं शुभ-जन्मोत्सव नेपाल प्रहरीको गौरवमय परम्परा अनुसार अपार श्रद्धा, भक्ति, एवं हर्षोल्लासपूर्ण वातावरणमा मनाइयो।

मौसूफ सरकारको शुभ-जन्मोत्सवको यस पुनित उपलक्ष्यमा बिटिङ रिट्रीट कार्यक्रमको भव्य आयोजना गरी नारी जातिकी अग्रणी **श्री ५ बडामहारानी सरकार**को सुस्वास्थ्य, दीर्घायु तथा अटल सौभाग्यको मंगलमय शुभकामना अर्पण गर्ने सौभाग्य नेपाल प्रहरीले २०३० साल देखि पाइआएको छ।



श्री ५ बडामहारानी सरकारका जुनाफमा प्रहरी परिवार महिला संघका अध्यक्ष बिटिङ रिट्रिट कार्यक्रममा स्वागत अभिवादन टक्र्याउनु हुँदै।

President of Police Family Women Association welcoming Her Majesty the Queen with bouquets at the Beating Retreat programme.



श्री ५ बडामहारानी सरकारका जुनाफमा प्रहरी महानिरीक्षकले प्रहरी दर्पण २०४४ चढाउनु भएको।

Chief of Police presenting a copy of Police Mirror, 2044 to Her Majesty.




श्री ५ बडामहारानी सरकारका जुनफमा प्रहरी महानिरीक्षक शुभजन्मोत्सव उपहार चढाउनु हुँदै।

Chief of Police presenting Birthday Gift to Her Majesty the Queen.




बिटिङ रिट्रिटका सहभागीहरुद्वारा सार्क सम्मेलन-२०४४ को प्रतिक चिन्ह बनाइ प्रदर्शन गरिरहेका।

"SAARC SUMMT, 2044" Symbol on Display by Beating Retreat participants.




श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा बिटिङ रिट्रिटका सहभागीहरूले मौसूफ सरकारलाई शुभकामना टक्र्याएको एक दृश्य।
Participants of Beating Retreat Programme offering felicitations to HM The Queen on her auspicious Birthday.







# Her Majesty's Auspicious Birthday



श्री ५ बडामहारानी सरकारबाट बिटिङ रिट्रिटका उत्कृष्ट सहभागीलाई पुरस्कार बक्स हुँदै।
HM The Queen rewarding the best Beating Retreat participants.

The auspicious 39th Birthday of Her Majesty Queen Aishwarya Rajya Lakshmi Devi Shah was celebrated in keeping with the glorious tradition of Nepal Police amidst a gala function charged with sentiments of devotion and utter veneration.

Her Majesty's auspicious birthday celebration, marked by the now-famous Beating Retreat programmes, has been a prized tradition with the Nepal Police since the year 1974







बिटिङ रिट्रिट कार्यक्रममा प्रहरी सहभागीहरूद्वारा रोचक तथा साहसिक क्रियाकलापको प्रदर्शन।
Police participants accomplishing daring feats as part of Beating Retreat programme.

# श्रृजनशीलता







# ENTERPRISING






# वीरेन्द्र प्रहरी अस्पतालको वार्षिकोत्सव







प्रहरी परिवारलाई यथेस्ठ स्वास्थ्य सेवा उपलब्ध गराई आत्मनिर्भरता बढाउने उद्देश्यले प्रतिस्थापित वीरेन्द्र प्रहरी अस्पतालले यही २०४५ चैत २७ गते आफ्नो चौथो वार्षिकोत्सव मनायो। यस अस्पतालले वर्तमान प्रहरी परिवारको अलावा अवकास प्राप्त प्रहरीका परिवार समेतलाई आफ्नो सीमित साधन र श्रोतको बावजुद यथेष्ठ सेवा प्रदान गर्दै आएको छ। यस अस्पतालमा हालसम्म ५० शैया मात्र रहेकोमा निकट भविष्यमा नै यो संख्यालाई बढाएर १०० गरिने लक्ष्य रहेको छ। सदा झैं यस वार्षिकोत्सवको अवसरमा पनि प्रहरी अधिकृत तथा जवानहरूद्वारा रक्तदान गरिएको थियो।

**राष्ट्रनायक श्री ५ वीरेन्द्र सरकारबाट** वि.सं. २०५७ सम्ममा सम्पूर्ण नेपाली जनतालाई आधारभूत सेवा प्रदान गर्ने लक्ष्यलाई पूरा गर्ने तर्फ सबै पक्षबाट सकृय भूमिका खेल्नु पर्ने कुराको हुकुम बक्स भए अनुरूप यस अस्पतालले सबै प्रहरी कर्मचारीलाई स्वास्थ्य सेवा प्रदान गर्ने तर्फ आफ्नो सकृय प्रयासजारी राखेको छ। यस अस्पतालको अर्बुद कोषको मुद्दती खातामा रू. १ लाख ५० हजार र बचत खातामा रू. ५९ हजार १ सय ८१ रू. जम्मा भैसकेको छ बने भू.पू. प्रहरीहरू तथा निजका परिवारहरूको स्वास्थ्य उपचार कोषमा रू. ४ लाख जम्मा भै स्वास्थ्य सुविधाको क्षेत्र अझ फराकिलो बन्न पुगेको छ।

यो अस्पतालको सेवालाई अझ प्रभावकारी बनाउने सिलसिलामा एक जना चिकित्सकले थाइलैण्डबाट विशेषज्ञ तालीम पाइ सकेका छन् र एक जना चिकित्सकलाई उच्च शिक्षा हासिल गर्न बंगलादेश पठाइ सकिएको छ। केही अन्य चिकित्सकहरू निकट भविष्यमा नै अध्ययनार्थ विदेश जाँदै छन्। केही प्राविधिक कर्मचारीहरू समेत सिंगापुर तथा भारतमा उच्च शिक्षा हासिल गर्दै छन्। हालै देखि यस अस्पतालमा अल्ट्रासाउण्ड स्केनिङ डायग्नोसिस कार्य पनि शुरू भएको छ। यसको अतिरिक्त जन्रल तथा अर्थोपेडिक सर्जरी र विभिन्न प्रकारका प्याथोलोजिकल र अन्य प्राविधिक सेवाहरूपनि उपलब्ध भैसकेका छन्। यस अस्पतालले आफुसंग विशेषज्ञ नभएको क्षेत्रमा अन्य अस्पतालका विशेषज्ञहरूको सेवा पनि उपलब्ध गराउने गरेको छ।

बिरामी प्रहरी कर्मचारी तथा परीवारलाई प्र.प.म. संघका अध्यक्षबाट फलफूल वितरण।

P.F.W. Association President distributing fruits among sick Police personnel and their families.






Blood donation programme.





अस्पतालमा स्थित अत्याधुनिक उपकरण - अल्ट्रा साउण्ड स्क्यानिङ मेसिन।
Latest Medical equipments at The Hospital - Ultra - sound Scanning

अपरेशन थिएटरका दृश्यहरू
Views of the Operation Theatre

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछु।

चुण्डी दोर्जे लामा
सिसाङ्खु आदर्श गा.पं. वा.नं. ३
सिन्धुपाल्चोक जिल्ला, नेपाल।

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

रञ्जना सिनेमा
परिवार
काठमाडौं

# ANNIVERSARY OF BIRENDRA POLICE HOSPITAL

The Birendra Police Hospital, established with the objective of extending adequate and appropriate health service to the police personnel and their families, celebrated The Fourth anniversary of the founding on Chaitra 27, 2044 last.

This hospital has, despite resource constraints, been providing commendable services to the police personnel and their family members besides the retirees and their next of kin. This 50-bedded outfit is expected to add an equal number of beds in the near future. As usual, officers and other ranks of the police force participated in the blood donation programme organised as part of its Anniversary Celebration.

In keeping with the lofty ideals set forth by His Majesty King Birendra of meeting the people's basic needs by the year 2000 AD, and his exhortation that people in all walks of life discharge their roles in attaining these goals, this hospital has dedicated itself actively to providing health services to all police personnel all along. While an amount of Rs. 0.15 million and another of Rs. 50,000 odd have been deposited in the hospital's fixed and Savings accounts of the cancer fund respectively, another amount of Rs. 0.4 million has found its way to the coffers of ex-policement Health Services Fund, thereby further expanding the seope of health facilities for all concerned.

Another programme to be undertaken in the near future will be in respect of providing suitable living accomodation for the medical and technical personnel engaged in the hospital. A step towards modernising the hospital also includes the recent introduction of Ultrasound Scanning diagnostic facilities within its premises. In addition, general and orthopaedic surgery, besides pathological services, have been incorporated in its scope of activities. Should some specialised serivces be called for, it often draws upon the resources of other hospitals as well.

As more effective services depend on better-trained personnel, one of its physicians has had advanced training in Thailand recently, while another is undergoing similar advanced training in Bangladesh. Some technical-personnel are currently in India and Singapore for a similar purpose and more doctors are scheduled to leave for foreign countries in the foreseeable future.

ON THE AUSPICIOUS OCCASION
OF
THE 40TH BIRTHDAY
OF
HER MAJESTY QUEEN
AISHWARYA RAJYA LAXMI DEVI SHAH

Pan Himal Industries

MOST RESPECTFULLY OFFER THEIR HEARTIEST GREETING
AND HUMBLY PRAY FOR HER MAJESTY'S
LONG LIFE AND HAPPINESS

**Sonam Topgyal**

Kumarigal, Boudha,
kathmandu, Nepal

# दीपेन्द्र प्रहरी माध्यमिक विद्यालय सांगाको वार्षिकोत्सव

"शिक्षाको उज्यालो घामबाट कुनै पनि नेपाली बालकले बन्चित हुन नपरोस्" भन्ने **राष्ट्रनायक श्री ५ वीरेन्द्रको** सदिच्छा अनुरूप नेपाल प्रहरीका सबै स्तरका कर्मचारीहरूका केटाकेटीहरूलाई कम खर्चमा स्तरीय शिक्षा दिने उद्देश्यले २०४० सालमा स्थापित यस दीपेन्द्र प्रहरी माध्यमिक विद्यालयले यही ०४४ फाल्गुण १२ गते आफ्नो चौथो वार्षिकोत्सव भव्य रूपमा मनायो।



प्रवेशिका परीक्षामा प्रथम पटक शरिक भै उत्कृष्ठ स्थानमा सफल भएका छात्रहरू।

The first batch of students to have appeared at the SLC Exams, and to have come out with flying colours.




विद्यालय क्याम्प कमाण्डेण्ट र होस्टल सुपरिवेक्षकको द्वितीय वार्षिक सम्मेलनलाई विद्यालय संचालक समितिका अध्यक्ष प्र.ना.म.नि. श्री रणबहादुर चन्दबाट संबोधन।

School Management Committee Chairman, Deputy Chief of Police Rana Bahadur Chand addressing the annual meet of School.

छात्रहरूद्वारा प्रदर्शित सांस्कृतिक कार्यक्रम।



Cultural Show by the students.



छात्रहरूद्वारा अतिरिक्त क्रियाकलाप प्रदर्शन।

Extra-curricular display by the students.

स्थापनाको छोटो अवधिमै यस विद्यालयले स्तरीय पठन पाठन र अनुशासनको क्षेत्रमा ख्याती कमाई सकेको छ। हाल आएर अधिराज्यका पाँचै क्षेत्रहरूमा क्षेत्रिय प्रहरी प्राथमिक विद्यालयहरूको स्थापना भएबाट नेपाल प्रहरीका कर्मचारीहरूका बाल-बालिकाहरूले पनि स्तरीय शिक्षा हासिल गर्न पाउने अवसर पाएका छन्। यी सम्पूर्ण विद्यालयहरूको निर्माण तथा संचालनमा नेपाल प्रहरीका प्रत्येक सदस्यको आर्थिक तथा शारिरीक योगदान रहेको छ।



यस विद्यालयले २०४३।४४ सालको प्रवेशिका परीक्षामा प्रथम पटक १७ जना विद्यार्थीहरूलाई संलग्न गराएकोमा १३ जना प्रथम श्रेणी र ४ जना द्वितीय श्रेणीमा गरी शत प्रतिशत नै नतिजा प्राप्त गर्न सफल भएको छ। यही शैक्षिक सत्रदेखि भौतिक शास्त्र र जीव शास्त्र समूहमा गरी ६० जना विद्यार्थीहरूलाई उच्च माध्यामिक स्तरमा पठन पाठन गराउने भएको छ। हाल सम्म यस विद्यालयमा छात्रहरूको मात्र पढाइ भै आएकोमा आगामी वर्ष देखि छात्राहरूलाई पनि सम्मिलित गराइने योजना रहेको छ।







मा. शिक्षामन्त्रीबाट छात्रहरू पुरस्कृत।

**Students being rewarded by the Education Minister.**

In a short span of time since its establishment, this school has earned a name for itself in its standard of education and high degree of discipline. Presently, beside the Secondary School at Sanga one Dipendra Police School (Primary Level) has been functioning in each of the five Development Regions, thereby providing police children an opportunity to receive similar qualitative education. What's more, each and every member of the Police force has his contribution, material as well as physical, in the founding and management of all these institutions.

# Dipendra Police Secondary School Anniversary

"Let no Nepali child be deprived of the bright sunlight of education" — has been the noble exhortation of His Majesty the King Birendra. And the Nepal Police, in keeping with the spirit of this exhortation and with a view to provide qualitative education at nominal cost to the children of all categories of its personnel, established the Dipendra Police Secondary School in the year 2040 B.S. (1984.)







**P.F.W. Association President laying the foundation stone of the School's Science Building.**



तत्कालीन शिक्षा मन्त्री केशर बहादुर विष्टबाट आगन्तुक पुस्तिकामा हस्ताक्षर

Hon. Education Minister signing the School Visitors' Book.



प्र.प.म.सं. का अध्यक्षले विद्यालयका प्रधानाध्यापकलाई रू. १०,००,०००।- भवन निर्माणलाई सहयोग प्रदान गर्नुहुँदै।

P.F.W. Association President handing over Rs. 10,00,000/- to Principal Prof. George Jones as contribution towards the construction of college building



छात्रहरूद्वारा जिम्नास्टीक प्रदर्शन

Gymnastics display by Police Students


ALL THE BEST WISHES
AND GREETINGS
TO
HER MAJESTY THE QUEEN
ON
HER MAJESTY'S 40TH
BIRTHDAY

LUMBINI FLOUR MILLS Pvt. Ltd.
Manufacturers of Maida, Atta, Suji & Bran
Sidharthanagar, Nepal
Phone 20242, 22028

ALL THE BEST WISHES
AND GREETINGS
TO
HER MAJESTY THE QUEEN
ON
HER MAJESTY'S 40TH
BIRTHDAY

HOTEL SHERPA
P.O Box 901, DURBAR MARG KATHMANDU, NEPAL
TELEX: 2223 NEPCOM NP
CABLE: HOTELSERPA
TEL: 222585, 412021





# खेलकूद

# SPORTS







प्रहरी महानिरीक्षकबाट अधिराज्यव्यापी भलिबल प्रतियोगिताका विजेता सु.प.क्षे. प्रहरी टीमलाई शिल्ड प्रदान।

Chief of Police presenting Shield to Far Western Regional Police Team, Winner of All-Nepal Volleyball Tournament.



प्रहरी अतिरिक्त महानिरीक्षक नीलवराही भलिबल विजेता टिमलाई शिल्ड प्रदान गर्नुहुँदै।

Additional Chief of Police presenting Shield to the winner of Neel Barahi Volleyball tourney.



# खेलकूद

प्रत्येक व्यक्तिको शारिरीक तथा मानसिक स्वस्थताको अतिरिक्त आत्मबल र सहयोगी भावना अभिवृद्धि गराउने सरल र सशक्त माध्यम खेलकूद भएको कारण नै प्रहरी संगठनमा खेलकूदलाई दिनचर्याको रूपमा अँगिकार गरिएको छ।

खेलकूदको समयोचित विकास र विस्तार गरी व्यवस्थित ढंगबाट संचालन गर्ने केन्द्रिय स्तर देखि क्षेत्र, अंचल र जिल्ला स्तरसम्म खेलकूद समिति गठन गरी व्यक्तिगत एवम् समूहगत खेल खेलाइन्छ, फलस्वरूप खेलकूदको क्षेत्रमा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न समेत प्रहरीले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

राष्ट्रिय स्तरका खेलकूदमा विशिष्ट योगदान र सहभागिताको कारण नै विभिन्न देशमा सम्पन्न भएका खेलकूदमा नेपालको राष्ट्रिय टीमको कप्तान र टोलीको नेतृत्व समेत प्रहरी खेलाडीहरूबाट बराबर भैरहेको छ।







पोखरामा सम्पन्न अधिराज्यव्यापी प्रहरी एथलेटिक्स चौथो प्रतियोगिताका केही दृश्यहरू।





Glimpses of the Fourth All-Nepal Police Athletics held at Pokhara.







श्रीमती इन्दु चन्दबाट पुरस्कार प्रदान।
Mrs. Indu Chand presenting Prizes to winning Team Captain .









# Sports and Games

As sports and games form a simple yet powerful medium for the promotion of physical and mental health of an individual as also for the development of fortitude and a spirit of comaraderie, the Police organisation has adopted them as a part of routine.

In order that requisite sports and games receive the priority they deserve Special Committees have been formed at the Central, Regional, Zonal and District levels that conduct and manage the games and sports, both individual and collective, on appropriate lines. As a result, it has been possible to contribute significantly towards the evolution of national level atheletes and sportsmen. Also, many a Police atheletes has had the privilege of being chosen Team captain to lead our national teams participating in tourneys in various countries of the world.



प्रहरी महानिरीक्षकबाट पश्चिम क्षेत्र प्रहरी एथलेटिक्स टोलीका कप्तानलाई वार्षिक खेलकूद कप प्रदान।

Chief of Police presenting the Annual cup to the Western Zonal Police Athletics team-captain





अधिराज्यव्यापी भलिबल प्रतियोगिताको अन्तिम खेल।

All-Nepal Volleyball Finals.



अधिराज्यव्यापी प्रहरी एथलेटिक्स चौथो प्रतियोगिताका विजयी पश्चिम क्षेत्र प्रहरी टीमका खेलाडी हरु

Fourth All-Nepal Police Athletics Meet Winners, Western Zonal Police Team.





श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
**मौसूफ सरकारमा**
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

**जिल्ला पंचायत सचिवालय, गौर**
रौतहट, नारायणी अंचल,
नेपाल

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
**मौसूफ सरकारमा**
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

**काठमाडौं**
**नगर पंचायत**
धर्मपथ काठमाडौं   नेपाल।

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी
देवी शाह सरकारको
**४०औं शुभजन्मोत्सवको**
पुनीत उपलक्ष्यमा मौसूफ सरकारमा
चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
मंगलमय शुभकामना चढाउँछौं।

व्यापारी वर्ग
मंगलसेन तथा बयलपाटा बजार
अछाम, सेती अंचल, नेपाल।

श्री ५ बडामहारानी सरकारको
४०औं शुभजन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य, चिरायु
एवं अटल सौभाग्यको लागि
हार्दिक मंगलमय शुभकामना
चढाउँछौं।

प्रो. टुक प्रसाद श्रेष्ठ, जगत निर्माण सेवा
प्रो. चन्द्रकान्त जोशी, दीपक निर्माण सेवा
प्रो. प्रजापति जोशी जनशक्ति निर्माण सेवा
ठे. प्रेमसिंह बोहरा, बोहरा कन्सट्रक्शन कंपनी
ठे. मदन राज पनेरू, शास्त्र कन्सट्रक्शन एण्ड बिल्डर्स,
डडेलधुरा, महाकाली अंचल
नेपाल।

# महत्वपूर्ण झाँकीहरू






# SPOTLIGHT

# तेस्रो सार्क सम्मेलनमा सुरक्षा व्यवस्था

क्षेत्रीय सहयोगको भावना विश्वका विभिन्न क्षेत्रमा विकसित गर्दै विश्व शान्ति र समृद्धिको आकांक्षालाई सार्थक रूप प्रदान गर्ने संयन्त्रको रूपमा स्थापित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको १९८५ को प्रथम शिखर सम्मेलनले यस संगठनका सातै सदस्य राष्ट्रका जनताको सहयोगी चिरागलाई प्रज्वलित बनायो। क्षेत्रीय सहयोग र सद्भावनालाई अझ मजबूत र दरिलो बनाउने क्रममा भारतको बैंगलोरमा १९८६ मा यसको दोस्रो शिखर सम्मेलन सम्पन्न भयो। प्रत्येक वर्ष आयोजना गरिने शिखर सम्मेलन यही २०४४ साल कार्तिक १६ देखि १८ गते सम्म काठमाडौंमा सुसम्पन्न भयो। सार्कको स्थापना हुनु अगावै देखि क्षेत्रीय सहयोग र सद्भावनाको आकांक्षा राखी सार्कको स्थापनाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपालका लागि यो शिखर सम्मेलन अत्यन्त हर्ष र गौरवको अवसर मान्न सकिन्छ।




Third SAARC Summit, 1987.

तेस्रो सार्क सम्मेलन - २०४४

सार्क राष्ट्रका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूको यस शिखर सम्मेलनको अवधिमा त्रुटि रहित किसिमबाट शान्ति सुरक्षासंग सम्बन्धित सबै निकायबाट आपसी समझदारी र सहयोगबाट तत्परताकासाथ निर्वाह गरेको दायित्वको सबै क्षेत्रबाट भएको प्रशंसालाई नकार्न सकिदैन।

**श्री ५ महाराजाधिराज सरकारबाट** तेस्रो सार्क शिखर सम्मेलन पहिलो पटक काठमाडौंमा सफलतापूर्वक भएको कदर स्वरूप जम्मा २,११३ जना प्रहरी अधिकृत जवानहरूलाई सार्क शिखर सम्मेलन स्मृति पदक बक्स भएबाट शान्ति सुरक्षा कायम राख्न दरिएको नेपाल प्रहरीले वहन गरेको महत्वपूर्ण जिम्मेवारी अझ स्पष्ट हुन्छ।

# Security Arrangements During The Third SAARC Summit

The South Asian Association for Regional Co-operation (SAARC), established as an instrument to give shape to the dreams of world peace and prosperity based on the spirit of co-operation among peoples of various regions of the world, helped lit up the lamp of unity and oneness amongst all the seven member-nations of this regional body right from its first summit meeting in Dhaka in 1985. The second summit meeting, held in Bangalore, India, further helped forge this spirit of regional co-operation in 1986. The third summit followed in Kathmandu From 2nd to 4th November 1987.

The flawless and efficient manner in which the onerous responsibility of maintaining law, order and security in the wake of the visit by SAARC Heads of State and Government on the occasion of the Third Summit was shared by all concerned in a spirit of mutual accommodation and understanding has received well-deserved kudos all round.

His Majesty the King, in appreciation of the commendable services rendered by Police personnel so as to make the Third SAARC Summit meeting the great success that it was, awarded the SAARC Summit Meeting Commemoration Medals to 2113 of them. This goes, once again, to highlight the laudable role the Nepal Police plays in the maintenance of peace, order and tranquility at all times.



सार्क सचिवालय।

SAARC Secretariat.



तेस्रो सार्क सम्मेलन स्थल।

Venue of The Third SAARC Summit.

On The Auspicious Occasion Of 40TH BIRTHDAY OF HER MAJESTY QUEEN AISHWARYA RAJYA LAXMI DEVI SHAH WE HUMBLY EXTEND HEARTIEST FELICITATIONS AND BEST WISHES

**Sharada Prasad Bista.**
Yangrima Tours & Travels Pvt. Ltd.
Tripureswore, Kathmandu, Nepal

# पशुपति क्षेत्र विकासमा प्रहरी योगदान

विश्वको एक मात्र हिन्दु राष्ट्र नेपालमा अवस्थित श्री पशुपतिनाथ प्रत्येकका आराध्यदेव हुन्। श्री पशुपतिनाथको मन्दिर वरिपरीको विशाल क्षेत्रमा पर्ने स्लेष्मान्तक वन भित्र प्राचीन विश्वरूप मन्दिर रहेको छ। यही मन्दिरको चारै तर्फ वर्षाको पानीको अनियन्त्रित निकाश, भिरालो जग्गा बलौटे माटो झिक्ने कार्य, रूखका जरा र हाँगाहरूको कटान आदि जस्ता कारणबाट भूक्षयको समस्या देखा परेको छ। यस भूक्षयबाट विश्वरूपको प्राचीन मन्दिरलाई समेत खतरा पुग्न जाने देखिएको हुँदा सो को संरक्षण र सम्वर्धनका लागि संचालित निर्माण कार्यमा नेपाल प्रहरीबाट अं. ६ लाख रूपैया बराबरको उल्लेखनिय योगदान पुऱ्याएको छ।

प्रहरीको दैनिक कर्तव्यको अतिरिक्त संस्कृति, धार्मिक स्थल आदिको जगेर्नामा समेत प्रहरी कटिबद्धका साथ उन्मुख रहेको वास्तविकता स्पष्ट हुन्छ।



श्री ५ बडामहारानी सरकारका बाहुलीमा पशुपति विकास कोषको लागि नेपाल प्रहरीका तर्फबाट प्रहरी महानिरीक्षक रू. ५,५५,५५५।- को थैली चढाउनु हुँदै।

Chief of Police presenting a purse of Rs. 555,555.00 on behalf of Nepal Police to Her Majesty the Queen as contribution towards Pashupati Development Fund.

# Police Contribution For Pashupati Area Development



The shrine of Lord Pasupatinath, located in the World's only Hindu Kingdom Nepal, is a holy-place of worship forall concerned. The nearby Sleshmantak forest also houses the Vishwarupa temple, dating back to hoary antiquity. Of late, however, this area has become increasingly prone to soil denudation caused by various factors like unchecked draining out of rain-water, steep slopes in the vicinity, removal of sandy soil, and felling down of trees, etc. As such denudation is likely to threaten even the Vishwarupa temple, conservation work is in progress in the area and the police force has also made a remarkable contribution of approximately Rs. 600,000 towards this endeavour, thereby underscoring the fact that the Nepal Police, over and above its day-to-day activities, shows equal concern for the preservation of our religious and cultural heritage and offers its services towards this end with zeal and enthusiasm.



— श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार तथा श्री ५ मुमा बडामहारानी सरकार भोटो जात्रामा सवारी

Their Majesty's the King & Queen & Her Majesty the Queen Mother during Bhoto Jatra festival.

# नेपालमा चाडपर्व

संसारको सबै कुनामा बसोवास गर्ने विकसित वा अविकसित प्रायश: सबै जनजातिमा आ-आफ्नो साम्प्रदाय तथा रीतिथिति अनुसार आ-आफ्नै तरिकाले विभिन्न चाडपर्वहरू मनाउने गरेको पाइन्छ। यस्ता चाडपर्वहरूलाई संस्कृतिकै मुख्य अंगको रूपमा मान्न सकिन्छ। कुनै पनि राष्ट्र विशेषको सामाजिक तथा साँस्कृतिक वैभवता एवं सभ्यता त्यस देशमा मनाउँदै आएका चाडपर्वहरूबाट नै छर्लङ्ग हुन्छ। व्यक्तिहरूमा जबसम्म आफ्नो संस्कृतिको मूल्य, मान्यता तथा गहनता बारे ज्ञान हुँदैन आफ्नो, साँस्कृतिक परम्परा प्रति गर्व हुँदैन, तब सम्म जातीयता राष्ट्रियता जस्ता कुराहरू फस्टाउन सक्दैनन्। राष्ट्र भित्र अवस्थित सम्पूर्ण जनजातिलाई एकै भावनामा उनेर सिंगो राष्ट्रिय भावनाको प्रस्फुरण गराउने तत्व हाम्रा चाडपर्वहरू नै हुन्।



गोमा गणेश मन्दिरको प्रहरीद्वारा जीर्णोद्वार

Renovation of Ganesh temple by Police



महाशिवरात्रीको दिन प्र.प्र.का. हाताभित्र नवनिर्मित शिव मन्दिरमा शिवमूर्तिको प्रहरी महानिरीक्षकबाट वैदिक विधिअनुसार प्रतिस्थापन।

Inauguration of Shiva temple by Chief of Police

नेपालमा पनि आफ्नो देशको भौगोलिक स्थिति, हावापानी तथा जन जीवन अनुरूप आफ्नै मौलिकताले भरिएका विभिन्न प्रकारका चाडपर्वहरू मनाइन्छन्, जसको आफ्नै प्रकारको विशेषता रहेको छ। नेपालमा मनाइने चाडपर्वहरू मध्ये दशैं, तिहार, शिवरात्री फागुमहोत्सव, गाइजात्रा, इन्द्रजात्रा, घोडेजात्रा, बुद्ध जयन्ती, रामनवमी आदि प्रमुख रहेका छन्।

यी चाडपर्वहरूलाई नेपालीहरूले विशेष उत्सवका रूपमा खाएर, खेलेर, हाँसेर, नाचेर मनाउने गर्दछन्। यी चाडपर्वहरूको उद्देश्य मनोरन्जन प्रदान गर्नु मात्र नभै व्यक्तिहरूमा धार्मिक एकताको जगेर्ना गर्नु, तथा सामाजिक मूल्य मान्यताको परिपालन गर्नु समेत रहेको छ। यस्ता चाडपर्वहरू मनाउने क्षणमा व्यक्ति विशेष उन्माद र आमोदले परिपूर्ण हुने भएको हुँदा अन्य वर्गबाट यो भावनामा कुठाराघात हुन नपाओस् भनी नेपाल प्रहरीका प्रत्येक सदस्यहरू तनमनसाथ यस्ता अवसरमा सामान्य अवस्थामा भन्दा अझ चनाखो भै देश नरेश तथा जनताको सुरक्षा गर्न तत्पर रहन्छन्। साथै अधिराज्यका विभिन्न स्थानमा लाग्ने मेला, पर्व, हाट बजार आदि उत्सवहरूमा समेत शान्ति सुरक्षाको कार्य प्रहरीबाट नै सम्पादन भै आएको छ।









श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४० औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
**मौसूफ सरकारमा**
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

पशुपति नगर व्यापार संघ
ईलाम, मेची अंचल, नेपाल।

**ON THE AUSPICIOUS AND HAPPY BIRTHDAY OF**
*HER MAJESTY QUEEN AISHWARYA RAJYA LAXMI DEVI SHAH*
**WE EXTEND OUR**
HEARTIEST FELICITATIONS AND BEST WISHES.
**Hotel Himalaya (P) Ltd.**
Sahid Sukra Marg, Lalitpur
NEPAL

HEARTY FELICITATIONS
TO
HER MAJESTY QUEEN
AISHWARYA RAJYA LAXMI
DEVI SHAH
ON THE AUSPICIOUS OCCASION OF
**40TH BIRTHDAY**

Overseas and Aventure
Travelling Service
Lazimpat, Thamel,
Kathmandu

**On The Auspicious Occasion of**
*40TH BIRTHDAY OF*
*HER MAJESTY QUEEN*
*AISHWARYA RAJYA LAXMI*
*DEVI SHAH*
*WE HUMBLY EXTEND HEARTIEST*
*FELICITATIONS AND BEST WISHES*

Gurung Kattha Udhyog
Nepalguj, BANKE,
Bheri Anchal
Nepal



बडादशैं - प्रहरी महानिरीक्षकबाट बली संकल्प।

Scenes from Bada Dasai (Dushera)

बडादशैं - कोतपूजा।

# FESTIVALS IN NEPAL

Peoples belonging to any corner of the earth, and to any race or community, have their respective festivals which they celebrate in their own traditional style and manner. Indeed, such festivals constitute an important part of a people's culture. Such festivals also go to clearly highlight the quality of life and civic values prevalent in any couuntry. So long as the people concerned remain unaware of the values and importance of their cultural heirtage, and so far as they do not learn to take pride in them, ideas like nationalism find little fertile ground congenial to growth. Our festivals are elemental in helping bind together various races and communities so as to weave them into a unified national fabric with common goals and aspirations.

The Nepalese people also observe various festivals, with their moorings solidly entrenched in the country's geography and climate, and, as a result, are rich in their own originality. These include the Dasain, Tihar, Shivaratri, Fagu, Gaijatra, Indra Jatra, Ghode Jatra, Buddha Jayanti, Ram Navami and the like, which are celebrated in an atmosphere of feasts, dances, gaiety and merry-making. Apart from providing popular entertainment, these occasions provide an opportunity to instil a spirit of unity and oneness amongst the nation's populace. As it is but natural for the people to be particularly engrossed in celebrating such festivals in an atmosphere of gay abandon, the members of Nepal Police make it a special point to see that nothing may disrupt or vitiate such an atmosphere; they also go out of their way, with an increased sense of alertness and despatch, to ensure the protection of the Crown, country and people on such occasion. The same concern is evident among the members of the Police force in times of the markets, fairs and haats that take place in several parts of the kingdom sometime or the other in the course of the year.



विश्व हिन्दू सम्मेलन - एक दृश्य।

A view of World Hindu Conference.

# Photo-News



श्री ५ महाराजाधिराज सरकारबाट विजया दशमीमा प्रहरी अधिकृतहरूलाई टीका बक्सँदै।

HM The King giving Tika benediction to police officers on the Vijaya Dashami day.



श्री ५ युवराजाधिराज दीपेन्द्र सरकारको उपनयन

Upanayan (Thread-Wearing Ceremony) of HRH Crown Prince Dipendra.







मा. गृह राज्य मन्त्रीको निरीक्षण

प्रहरी प्रधान कार्यालय



Hon. Minister of State for H

Inspecting

Police Headquarters





गोरखा जिल्ला स्थित नवनिर्मित जिल्ला प्रहरी कार्यालय भवनको प्रहरी महानिरीक्षकबाट समुद्घाटन।

Chief of Police inaugurating the newly constructed District Police Office building, Gorkha district.



गणतन्त्र जर्मनीका महामहिम राजदूत श्री कार्ल केम्फले नेपाल प्रहरीको लागि संघीय गणतन्त्र बाट प्राप्त सवारी साधनहरू प्रहरी महानिरीक्षकलाई हस्तान्तरण गर्नु हुँदै।

H.E. Karl Kempf, Ambassador of Federal Republic of Germany handing over the keys of three vehicles to Chief of Police Mr. Singh received from F.R.G. Government as an assistance to Drugs Section, Nepal Police.





क्षेत्रीय प्रहरी अधिकृत सम्मेलनलाई गृह सचिवबाट र्देशन सम्बोधन

Home Secretary addressing Regional Police meet



Chief of Police inaugurating the Central Band Company Barracks.



"आफ्नो खाँचो आफैं पूरा गरौं" - निर्माण कार्यमा प्रहरी कर्मचारीहरू।

Police personnel participating in the "Let's Meet Our Requirements On Our Own" construction programme.


श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

राप्ती डिस्टीलरी परिवार
लमही, दाङ देउखुरी
रा. अं. देउखुरी रा. अं. नेपाल



श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४०औं शुभजन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा

मोतीराम हनुमान दास
इलाम बजार
मेची अंचल, नेपाल

# साहसिक कार्य

२०४४ फाल्गुण २९ गते दशरथ रंगशाला काठमाडौंमा आयोजित त्रिभुवन च्यालेन्ज शिल्ड फूटबल प्रतियोगिताको अन्तिम खेल बंगलादेश तथा जनकपुर चुरोट कारखाना टीमहरूका बीच भैरहेको अवस्थामा अकस्मात हुरी बतास र असिनासमेत परी अनियन्त्रित रूपमा दर्शकहरूको भीड रंगशालाबाट बाहिर निस्कने प्रयास गर्दा थिचिई किचिई ६८ जना खेल प्रेमी दर्शकहरूको असामयिक निधन हुनुको साथै शान्ति सुरक्षाको निमित्त खटिएका ३ जना प्रहरी कर्मचारीको समेत सो घटनामा मृत्यु भएको थियो। ज्यू ज्यानको समेत रत्तिभर ख्याल नगरी आफ्नो कर्तव्यलाई साहसिक ढंगबाट निर्वाह गर्दा गर्दै वीरगती प्राप्त गरेका ती प्रहरी कर्मचारीहरूका बारेमा उक्त घटनामा परीशख्त घाइते भै बाँचेका निम्न व्यक्तिहरूबाट प्रहरी दर्पण प्रकाशन समितिलाई प्राप्त पत्रको केही अंश उदघृत गरी वहाँहरूकै शब्दमा प्रस्तुत गरिएको छ।

१. श्री भानुभक्त मा.वि. पानी पोखरीमा कक्षा आठमा अध्ययनरत छात्र प्रवीण के.सी. लेख्नु हुन्छः-

२०४४ फाल्गुण २९ गते फूटबल हेर्न दशरथ रंगशाला मलाई लैजान दाइलाई भन्दा आज जानु पर्दैन पानी पर्ला जस्तो छ भन्नु भयो। तर पनि म भागेर हेर्न गएँ। बंगलादेश टीमले ज.चु.का टीमलाई एक गोल दिएको केही बेर पछि नै अनायास आँधीबेरी चल्न थाल्यो। म बाहिर निस्कन प्रवेशद्वार तर्फ दौडें।मानिसहरूको हुल पनि दौडेर सोही ढोका तर्फ आयो। त्यो हुलले मलाई च्याप्यो र म निसासिएर कराउन थालें। त्यहीं नजिक हुल भित्र ड्यूटीमा बसेका प्रहरी रहेछन्। ती नै प्रहरी दाइले मलाई सो भीडबाट बाहिर निकाली दिनु भयो। मुस्किलले मेरो ज्यान बच्यो म घरमा पुगें। त्यो ढोकाको ड्यूटीमा हुलले किचेर च्यापेर प्रहरी दाईको मृत्यु भयो भन्ने कुरा भोली पल्ट सुनें र मलाई साह्है दुःख लाग्यो। यदि वहाँले मलाई त्यस भिडबाट बाहिर ननिकाली दिनु भए शायद त्यस घटनमा परी मर्नेमा पहिलो व्यक्ति म नै हुने थिएँ होला। आफ्नो ज्यू ज्यानको बाजी लगाएर म समेत अनेकौंको प्राण रक्षा गर्ने ती प्रहरी दाइहरूको आत्माको चीर शान्तिको लागि प्रार्थना गर्दै श्रद्धान्जली अर्पण गर्दछु।

२. काठमाडौं रामकोट गाउँ पंचायत घर भै गोरखापत्र संस्थानमा कार्यरत ज्ञान बहादुर के.सी. लेख्नु हुन्छः-

**श्री ५ बडामहारानी सरकार**को शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा प्रहरी प्रधान कार्यालयबाट प्रकाशित प्रहरी दर्पण हेर्दै जाँदा प्रहरी कर्मचारीहरूबाट भएका साहसिक कार्य उल्लेख भएको विवरण पढ्दा मलाई आफ्नै जीवनमा घटेको वास्तविक घटनाको स्मरणले झक्झक्यायो। जुन आफै भित्र सीमित राख्न नसकी लेख्ने प्रयास गरेको छु। २०४४ साल फाल्गुण २९ गते दशरथ रंगशालामा खेलाएको श्री ५ त्रिभुवन च्यालेन्ज शील्ड फूटबल प्रतियोगिताको अन्तिम खेल हेर्नको लागि रंगशालामा गएको थिएँ। खेल शुरु भएको १४।१५ मिनेटमा बंगलादेश टीमले ज.चु.का टीमलाई एक गोल गरेको हुँदा खेल निकै जोश र उमंगका साथ भैरहेको थियो। अकस्मात फाटफुट बर्षा हुन लाग्यो। ठूलै पानी पर्ला भन्ने ठानी बाहिर निस्कनको लागि रंगशालाको दक्षिण पट्टीको भन्याङ तर्फ लागें। म भन्याङको सिंढीमा पुग्नासाथ बिशाल आँधि बेहरी र असीना पर्न थाल्यो। म भन्दा अगाडि जाने दर्शकहरू पानी परेकोले भन्याङमा ओत लागेर बसेका थिए। तर अचानक आएको हुरी बतास र असिनाबाट बच्न सबै दर्शकहरू एकै पल्ट तंछाड मछाड गरी बाहिर निस्कन खोज्दा भन्याङमा ओत लागि बसेका मानिसहरू एकै पल्ट हिउको पहिरो गए जस्तो लुंडो लाग्न पुगे। सो भिडको लुंडो माथि म आफू पनि परें। त्यसताका तल गेटमा कर्तव्यरत प्रहरी आफूले भ्याएम्म दर्शकहरूलाई हात हातमा समाती बाहिर निकाल्ने र लडेकालाई उठाउँदै गर्दै थिए। प्रहरीहरू आफू बच्ने मौका भएता पनि दर्शकहरूलाई बचाउनमा नै व्यस्त देखिन्थे। म त्यो भीडबाट निस्कन प्रयास गर्दा गर्दै लडें। त्यसबेला यदि म ती प्रहरीका हातमा पर्न पाए बाँच्ने थिएं भन्ने लाग्यो। आफै उठने प्रयास गर्दै दायाँ बायाँ हेर्दा उद्धार कार्यमा व्यस्त रहेका ती प्राण रक्षक प्रहरीहरू स्वयं लडी भीडले किची रहेको देखें। अचानक एक जनाले मेरो आँखी डिलमा कुल्चदा त्यस पीडाबाट छटपटाउँदै घोप्टो पर्न पुग्छु र भाग्यवश त्यस भीडका खुट्टाहरू बीचबाट मुस्किलले बाहिर निस्कन पुग्छु।त्यसपछि भन्याङमा रहेको भीडलाई हेरें प्रहरीहरू समेतका धेरै मानिसहरू थिचीई किचीइ रहेका अवस्थामा देखें।

घाइते भएता पनि आलो जोशमा नरदेवी स्थित आफ्नो डेरामा गएँ। शरीरमा असह्य पीडा हुन थाल्यो। सोही बेला नेपाल टी.भी.बाट समाचार प्रसारण हुँदा रंगशाला घटनामा मर्ने जन-साधारण तथा प्रहरीहरूको हृदय विदारक दृश्य देखें। भोली पल्ट अस्पतालबाट उपचार गराएपछि क्रमशः शारीरिक स्वस्थ्यतामा लाभ हुँदै गयो।

अहिले उक्त घटनाको संस्मरणले मात्र पनि मेरो आङ जिरिङ्ग हुन्छ र सोच्छु- मेरो पुनर्जन्म भएको छ। साथै यो पनि सोच्छु कि आफू बाँच्ने मौका छँदा छँदै पनि मानवको प्राण रक्षामा तल्लीन रहेर कर्तव्य पालनमा प्राण आहूती दिने ती प्रहरीहरू वास्तवमा साहसिला प्रहरी रहेछन्। ती बीर गती प्राप्त प्रहरीहरूको कर्तव्य निष्ठा प्रति नतमस्तक बन्दै श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

# Acts of Valour

On Falgun 29, 2044 B.S. (12 March 1987), as the finals of the Tribhuvan Challenge Shield Football Tournament were being played at Kathmandu's Dasharath Stadium



squall and thunde… he area result… that ended… ome 68 sp… of 3 members … sonnel who had been on duty there. The exemplary valour and courage displayed by these policemen at the stake of their own valuable lives has been described in the following extracts penned by some survivors of the tragedy and received by Police Mirror Publication Committee:

**1. Pravin K.C., a Class VII student of Bhanubhakta Secondary School, Panipokhari, writes:**

"On Falgun 29, 2044, I urged my elder brother to take me to the Dasharath Stadium but he refused on the plea that there were signs of rain that day. But I sneaked out on my own and reached there. …n after the Bangladesh … scored their first g… Janakpur Cigar… squall and rains … of a sudden. I … e exit door as … people, this crowding and blocking it. I

was caught in the stampede, suffocated and started screaming. A Police man on duty, though he himself was in the midst of the stampede, came to my resette. It was such a miraculous escape for me, thanks to the policeman. But I was extremely pained to learn the next day that the very person who had thus saved me from the virtual jaws of death, was himself crushed to death in the process of saving people. Had he not staked his very life in order to remove me from the throes of the crowd, I would perhaps have been the first victim of the stampede. I take this opportunity to pay my respectful homage to the police personnel who laid down their precious lives while saving me andmany others like me. May their souls rest eternal peace."

**2. Gyan Bahadur K.C., a resident of Ramkot village panchayat writes from Gorkhapatra Sansthan were he works:**

"While going through the issue of the Police Mirror published on the occasion of Her Majesty the Queen's Auspicious Birthday, I came across accounts of some heroic deeds undertaken by members of the police force and this reminded me of an incident which took place in my own life and which I have sought to pen down here. I had also been to the Dasharath Stadium on the fateful day of Falgun 29, 2044 B.S. in order to witness the football finals. About a quarter of an hour after the game had started, Bangladesh team netted its first goal against J.C.F. team and this had warmed up the atmosphere. Suddenly, there were traces of rainfall, worried that the traces may soon turn into torrents, I scurried for cover towards the stairs leading to the southside exit of the stadium. No sooner had I made it to the stairs than the rains and hailstorn started lashing out in the full fury, thereby driving all those through the stairs to run for cover outside the gates and falling on top of one another in the process. I also shared the same fate of falling top of the crowd. The policeman posted at the gates below was trying his level best to lend his hand in support of those that had fallen and to pull them out of the crowd. I could see that the policemen, who could easily have saved their own lives, were instead busy in saving the lives of the others. As I fell down in an endeavour to escape from the crowd, and felt I could be rescued if only I could reach those policemen. But the next moment I looked around to see that those very policemen, who had been playing the role of everyone else's saviour, had themselves fallen to crushed under the stampede....

The very recollection of that incident sends a shiver down my spine. I feel that I have got a fresh lease of life. But, at the same time I cannot help reiterating that those policemen who, despite ample opportunities to save themselves, were all the time engaged in saving the lives of the others and had ultimately to lay down their own lives in the process, must be formed the bravest of the brave. I bow my head in honour of those saviours who martyred themselves in the execution of their duties and pay my homage to their departed souls.





श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार २०४५ भदौ ५ गतेको भूकम्पबाट भएको धनजनको क्षतिबारे घटनास्थहरूमा सवारी भई जानकारी हासिल गरिबक्सँदै।

Their Majesties the King and Queen acquiring information in various districts about the damage caused by the August 21 earthquake and relief works underway.

# उद्धार कार्यमा प्रहरी

नेपाल प्रहरी अपराध रोकथाम र अनुसन्धान कार्यमा मात्र सीमित नरही आगलागि, बाडी पहिरो र भूकम्प जस्ता प्राकृतिक तथा दैवी प्रकोपको अवस्थामा आफ्नो ज्यू ज्यानको बाजी लगाएर भए पनि धन जनको रक्षा र उद्धार कार्यमा सदैव उन्मुखरहन्छ।

नेपाल अधिराज्यमा यदाकदा गएका भूकम्पबाट प्रशस्त मानिसले ज्यान गुमाउनुका साथै अपार धनको क्षति समेत भएको पाइन्छ।



उद्धार कार्यमा प्रहरी

Police in rescue work



भूकम्पबाट क्षतिग्रस्त घर भत्काउने कार्यमा प्रहरी

Supervising demolition of homes damaged by earthquake.

यसरी गएका भूकम्पको इतिहास कोट्याउँदा साना तिना भूकम्पको धक्का बराबर महसूस भैरहेकै भए तापनि १८९१ सालमा गएको भूकम्पको कारण काठमाडौं उपत्यकाका तीनै शहरका मन्दिर र घरहरू भत्किएका थिए जसको पुननिर्माण गर्नको लागि ७ वर्ष लागेको थियो भनिन्छ। त्यसपछि १९९० को महाभूकम्प आज पनि प्रत्येक नेपालीको मानसपटलमा अविस्मरणीय रहिरहेको पाइन्छ। यस भूकम्पबाट करीब ८,००० भन्दा बढी मानिसको ज्यान जानुको साथै दुई लाख भन्दा

बढी घर, देवल, पाटी पौवा आदि भत्किई अपार धनको क्षति भएको थियो। यही भूकम्पको कारण राजधानी शहरको स्वरूप नै बदलिएको भनाई छ। वि.सं. २०२३ साल असार १३ गते भूकम्पबाट सुदूर पश्चिमान्चलको बझांग, दार्चुला, बैतडी, मुगु आदिमा निकै धन जनको क्षति भएको थियो भने वि.सं. २०३७ साल साउन १४ गते बेलुकी सेती र महाकाली अन्चलमा गएको भूकम्पबाट १०३ जनाले ज्यान गुमाउनु परेको थियो र २५ हजार भन्दा बढी घरहरू भत्किई ठूलो नोक्सानी भएको थियो।

२०४५ साल भाद्र ५ गते विहान ५ बजेर ५४ मिनेट ५३.३ सेकेण्ड जाँदा उदयपुर जिल्ला केन्द्रबिन्दु रहेको भूकम्पबाट पूर्वान्चल र मध्यमान्चल विकास क्षेत्रका २७ जिल्लामा असंख्य धन जनको क्षति भएको छ। यस भूकम्पबाट मर्नेहरूको संख्या ७२२ पुगेको छ भने प्राप्त विवरण अनुसार घर, मन्दीर, पाटी, पौवा, बाटो, घाटो आदि भत्किई करोडौंको नोक्सानी भएको छ।

मुलुक र मुलुकी माथिको यस्तो अत्यन्त मार्मिक, दुःखदायी, पीडादायी एवं संवेदनशील वज्रपातको उद्धार कार्यमा सम्पूर्ण पन्च, बुद्धि जीवी, समाजसेवी, शाही नेपाली सेना एवं नेपाल प्रहरी युद्धस्तरमा मन, वचन कर्मले तल्लीन एवं कर्तव्यनिष्ठ भै जुटेका छन्।



प्रहरी महानिरीक्षकले सं. प्रधानमन्त्रीज्यूलाई भूकम्पपीडित उद्धार कोष निमित्त रू. ७,००,००१।- रकम दिनु हुँदै।

Chief of Police handing over a cheque of 700,001/- to Prime Minister for the Earthquake Victim Relief Fund.



नेपाल प्रहरी उद्धार कार्यमा

rescue operations

# POLICE IN RELIEF WORK

The scope of activities of Nepal Police extends beyond crime prevention and investigation and keeps its members well-attuned at all times to the needs of preservation of people's lives and property as also of relief and rehabilitation at times of natural calamities like fire, floods, landslides and earthquakes-even at the risk of their own lives.



प्र. प. म. संघ अध्यक्षले स. प्रधान मंत्रीज्यूलाई भूकम्प पिडित उद्धार कोष निमित्त रू. १,५१,०००।- रकम दिनु हुँदै।

NPFWA President donating Rs. 151,000/- to Earthquake Victim Relief Fund.



भूकम्पबाट घाइतेलाई अस्पतालमा ने.प्र. प.म. संघका अध्यक्ष तथा सदस्यहरूबाट फलफूल वितरण

President and members of PFWA distributing fruits to injured in hospital

A large number of human lives is lost and inestimable property destroyed by occasional earthquakes in Nepal. A cursory glance of the history of such earthquakes indicates that, whereas minor tremors are almost routinal, the earthquake of 1891 B.S. (1834) AD) had caused devastation of so many temples and houses in the three cities of Kathmandu valley that their reconstruction is said to have taken more than seven years. It was followed by another major quake in 1990 B.S. which has left an indelible mark in many a Nepalese mind to this day. It has wrought immeasurable havoc in terms of life and property by wiping out 8000 or more human lives besides 200,000 homesteads, temples, rest houses and the like.

That earthquake changed the very face of the capital city, it is said. The earthquake of Ashar 13, 2923 B.S. also caused immense damage to life and property in areas like Bajhang, Darchula, Baitadi, Mugu, etc. in the far western region whereas yet another such catastrophe cost 103 human lives and more than 25,000 houses in the Seti and Mahakali Zones on Saun 14, 2037 B.S.

The earthquake that took place at 05 hrs, 54 mins. and 3½ secs. on Bhadra 5, 2045 with its epicentre around the Udayapur district has caused incalculable loss to life and property spreading over 27 districts of the eastern and central development regions. While an estimate puts the number of human lives lost at 722, the havoc wrought on homesteads, temples, resthouses, roads and bridges, etc. has causes losses running into billions of rupees.



प्र. प. म. संघकी उपाध्यक्ष श्रीमती बाला राणा तथा अन्य सदस्यहरू घाइतेहरूलाई फलफूल वितरण गर्दै।

Vice President Mrs. Bala Rana and members of PFWA distributing fruits to injured persons.



भूकम्प पिडितहरू निमित्त अस्थायी बसोबासको निर्माणमा प्रहरी

Police personel erecting temporary Shelters for earthquahe victims



भूकम्पबाट भएको क्षतिको तथ्यांक संकलन कार्यमा प्रहरी

Police collecting information regarding the loss and damage caused by earthquake

At this hour of grave and painful national peril that has befallen our country and countrymen, the Nepal Police has come forward to contribute its mite in words, thought and action by participating in the relief works on a war footing along with all the Panchas, intellectuals, social workers and the Royal Nepalese army personnel.




भदौ ५ गते आइतबार बिहानको भूकम्पले धनजनको क्षति पुऱ्याएका ठाउँहरू

Places affected by the earthquake of 21 August 1988.




श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

हलेसी महादेवस्थान
गा. पं. परिवार
दिक्तेल, खोटाङ,
स. अ. नेपाल।

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

काठमाडौं नगर पंचायत
वडा १ र २ नं. समिति

काठमाडौं, नेपाल।

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४०औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना
चढाउँछौं।

डा. सुरेन्द्र बहादुर बादे श्रेष्ठ
तथा
बनेपा
नगर पंचायत परिवार
काभ्रे पलान्चौक, नेपाल

# अतिरिक्त क्रियाकलाप












# EXTRA CURRICULAM



# प्रहरी परिवार महिला संघ

रात दिन देश, नरेश र जनताको सेवामा समर्पित प्रहरी कर्मचारीका परिवार पनि ''प्रहरी परिवार महिला संघ'' नामक संस्थाको रूपमा एकत्रित भै सामाजिक सेवाका विविध पक्षहरूमा आफ्नो अनवरत सेवा तथा सहयोग प्रदान गर्दै आएका छन्।



श्री ५ बडामहारानी सरकारबाट प्र. प. म. संघकी अध्यक्षलाई सामाजिक सेवा समन्वय परिषदको रनिङ्ग शिल्ड प्रदान गरिबक्सँदै।

Her Majesty the Queen giving away the Running Shield of Social Services Co-ordination Council to P. F W. A. President.






श्री ५ अधिराजकुमारी शान्ती सरकारबाट नववर्ष मेलाको पाइरोटेक्नीक विधिद्वारा समुद्घाटन गरिबक्सँदै।

HRH Princess Shanti inaugurating New Year Fun-Fair.

''मन, वचन र कर्मले सेवा गरौं'' भन्ने महान उद्गार बक्स हुने राजमहिषी **श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको** संरक्षकत्वमा प्रतिस्थापित यस संस्थाले सामाजिक सेवालाई नै आफ्नो मुल मन्त्र ठानेको छ। यस संस्थाले समय समयमा विविध सांस्कृतिक कार्यक्रमहरूको प्रदर्शन, मेला संचालन आदि कृयाकलापहरूद्वारा सर्व साधारणलाई मनोरन्जन प्रदान गर्नुको साथै संकलित रकमलाई सामाजिक सेवा जस्तो महान यज्ञमा सामाजिक सेवा समन्वय परिषद मार्फत सदुपयोग गर्ने गरेको छ। यसको अतिरिक्त केही रकम छुट्याएर गरिब, दःखी तथा प्रहरी अस्पताललाई समेत आफ्नो अमूल्य सहयोग प्रदान गर्दै आएको छ। यस प्रकार प्रहरी परिवार महिला संघ स्थापनाको छोटो अवधिमा नै सामाजिक सेवाको क्षेत्रमा ठूलो योगदान पुऱ्याउन सक्षम भएको छ।






श्री ५ अधिराजकुमार निराजन सरकारको नववर्ष मेलामा सवारी।
HRH Prince Nirajan visiting the New Year Funfair.

श्री ५ अधिराजकुमारी शान्ती सरकारका जुनाफमा प्र.प.म. संघका सदस्यहरू।

HRH Princess Shanti with Members of P.F.W. Association



– बियर बलक्षी

प्रहरी परिवार महिला संघले विभिन्न सामाजिक सेवा लगायत आगलागि बाढी दैवी प्रकोपबाट पिडित व्यक्तिहरूलाई समेत निम्नानुसारको आर्थिक सहयोग स्वरूप अनुदान प्रदान गरेको छ।

| | |
|---|---|
| १. दीपेन्द्र प्रहरी आवासीय महाविद्यालयको भवन निर्माणार्थ--- | रू. १०,००,०००/- |
| २. बीरेन्द्र प्रहरी अस्पताल चमेना गृह निर्माण--- | रू. ५,५०,०००/- |
| ३. हिन्दु महासम्मेलन आयोजना निमित्त--- | रू. ३०,०००/- |
| ४. विभिन्न दुर्घटना तथा दैवीप्रकोपबाट पिडित तथा निजका परिवार जम्मा --- | रू. ३३,०००/- |
| ५. सामाजिक सेवा उपकार कोषलाई चन्दा-- | रू. ३,५०,०००/- |
| ६. भुकम्प पिडित उद्धार कोषमा-- | रू. १,५१,०००/- |
| जम्मा | रू. २१,१४,०००/- |



चिट्ठा विजेतालाई प्र.प.म. संघका अध्यक्षले मोटर साइकल हस्तान्तरण गर्नुहुँदै।
PFWA President handing over the Motorcycle to winner of the raffle.



चिट्ठा विजेतालाई प्र.प.म. संघका अध्यक्षले कार हस्तान्तरण गर्नुहुँदै।
PFWA President handing over the car to winner of the raffle.

# Police Family Women's Association

Even as the dedicated members of the Police Force sweat it out day in and day out in the service of the King, country and countrymen, their spouses have also organised themselves under the banner of "Police Family Women's Association" and have come forward in a body to render uninterrupted social services of a multifarious nature.

Patronised as it is by no other parsonage than Her Majesty Queen Aishwarya Rajya Lakshmi Devi Shah herself, who is credited with such noble expressions as "Let's serve with mind, speech and action", this organisation had



श्री ५ बडामहारानी सरकारका बाहुलीमा प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती इनु सिंहले शुभजन्मोत्सव उपहार चढाउनु हुँदै।

**President of Police Family Women's Association, Mrs. Inu Singh, Presenting Birthday Gift to Her Majesty The Queen.**



श्री ५ बडामहारानी सरकार शुभकामना चढाउन आने महिला बृन्दका साथ।

**HM The Queen with ladies calling on Her for felicitations.**



श्री ५ बडामहारानी सरकारका बाहुलीमा प्रहरी परिवार महिला संघका अध्यक्षले सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को लागि रू. ३,५०,०००/- को थैली चढाउनु हुँदै।

HM The Queen receiving Rs. 3,50,000.00 from PFWA President for the Social Service National Co-ordination Council fund.

dedicated itself to social services with a singleminded devotion. While it keeps on organising variety cultural programmes, fun-fairs, etc. for the entertainment of the common masses, the funds collected through such activities are channellised through the Social Service National Co-ordination Council for use in the great cause of social service, a portioning a part of such earnings for aiding the Birendra Police Hospital the poor and the needy. This organisation has thus been able to render a yeoman's service all round in the few brief years since its inception.



दशरथ रंगशालाको घटनामा कर्तव्य परायणतामा प्राण आहुती गर्ने प्रहरी कर्मचारीका परीवारलाई श्रीमती इनु सिंहद्वारा प्र.प.म. संघको तर्फबाट आर्थिक सहयोग।

**Mrs. Inu Singh extending monetary assistance on behalf of P.F.WAssociation to the families of police personnel who valiantly laid down their lives while on duty at the time of the Dasarath Stadium incident.**



# पुनर्मिलन

लामो अन्तरालसम्म एक साथ रहेका व्यक्तिहरू बीच विछोड पश्चात् पुन: भेट हुने कार्यक्रम नै पुनर्मिलन कार्यक्रम हो। केही समयसम्म सहकर्मी रहेर विछोड भै पुन: भेट हुँदा निश्चयनै मानव हृदय हर्षले पुलकित हुन्छ। यस्तो भेटघाटमा एकातिर आपसमा धेरै धेरै कुरा गरौं 'संगै बसौं' भन्ने भावना हुन्छ भने अर्को तर्फ अतितका अविस्मरणीय घटनाहरूको पुनस्मरण गरी रोमान्चित हुने अवसर मिल्छ।



प्रहरी सेवामा आफ्नो जीवनका अमूल्य वर्षहरू विताएर अवकाश प्राप्त गरी जीवन यापन गरिरहेका अवकाश प्राप्त प्रहरी कर्मचारीलाई जति यो पवित्र पेशा प्रति माया तथा आस्था हुन्छ, त्यतिनै यस सेवामा कार्यरत प्रहरी कर्मचारीमा ती पूर्वजहरू प्रति आदरभाव रहेको हुन्छ। यस प्रकारको स्नेह, सहयोगी भावना, र अनुभवको आदान प्रदान एक आपसमा भै रहोस् तथा एक अर्काको समस्यासंग परिचित हुँदै रहनु भन्ने धारणालाई मुर्तरूप दिन नेपाल प्रहरीले प्रति वर्ष पुनर्मिलन समारोहको आयोजना गर्ने गरेको छ। यस्तो समारोहमा भु.पू. प्रहरी कर्मचारीका परिवार तथा वर्तमान प्रहरी परिवारहरू ाफलाई एकै परिवारका सदस्य ठानी भेटघाट गर्ने गर्दछन्, अनि आफ्नो सुख: दु:ख भुलेर केही क्षण संयुक्त रूपमा रमाउने गर्दछन्।

यस प्रकार यस्तो पुनर्मिलन समारोहको आयोजनाबाट एकातिर भु. पू. प्रहरी कर्मचारीहरूको विभाग प्रतिको आस्था र सहकर्मीहरू प्रतिको माया बढन जान्छ भने अर्को तर्फ नयाँ पिढीका प्रहरी कर्मचारीले पूर्वजको अनुभवलाई संगाल्ने एउटा सुवर्ण मौका पाउँछन्।

# Reunions

Re-union Programmes imply the coming together, after a considerable time-gap or dissociation, of colleagues and men who have gone through thick and thin earlier for a long while. It is but human for colleagues to feel a great elation at such Reunion meetings after a considerble lapse of time.

That this spirit of fellow feeling and comaraderie be kept alive and erstwhile colleagues of past and present be brought together to share their pleasures and pain together once again--remains the sole objective behind these Re-union functions organised bythe Nepal-Police on an annual basis.



The warmth of love and fondnees evinced by ex-Police personnel towards their noble profession for which they had spend the best part of their lives can only be matched by the high esteem and edoration in which their colleagues still in active service hold them--the respected forerunners.





# प्रहरी लेखक पुरस्कृत

प्रहरी कर्मचारीको पेशागत ज्ञान, सीप र कौशलमा अभिवृद्धि गराउने, साहित्यिक भावना प्रष्फुरणका साथै प्रहरी र जनताका बीचमा सदैव सुमधुर सम्बन्ध कायम राख्ने उद्देश्य अनुरूप विक्रम सम्बत् २०१६ सालदेखि प्रहरी पत्रिका त्रैमासिक रूपमा प्रकाशित भइरहेको छ।

यस प्रहरी पत्रिकालाई स्तरयुक्त र समसामयिक बनाउनको लागि प्रहरी पत्रिकामा प्रकाशित हुने लेख रचनाहरूका लेखकहरूलाई नियमित रूपमा पारिश्रमिक दिइनुको साथै वर्ष भरिमा प्रकाशित हुने प्रहरी पत्रिकामा प्रकाशित लेख रचनाहरू मध्ये उत्कृष्ठ ठहरिएका प्रहरी लेखकहरूलाई छुट्टै पुरस्कारबाट पुरस्कृत गरी लेखन कार्यका लागि उत्साहित र प्रोत्साहित गरिन्छ।

२०४४ सालमा प्रकाशित पत्रिकाका उत्कृष्ठ लेखकका रूपमा विभागीय प्रमुख प्र.म.नि. श्री हेमबहादुर सिंहबाट प्र.ना.उ. ओम विक्रम राणा, प्रहरी निरीक्षक वसन्त कुँवर, प्र.नि. बालकुमार शाक्य, प्र.ना.नि. मोहनहरी थापा र प्र.ह. डिल्ली प्रसाद तिमिल्सना पुरस्कृत भएका छन्।







3.



4

१. प्र.ना.उ. ओम विक्रम राणा
Dy. Superintendent of Police
Om Bikram Rana

२. प्र.नि. बालकुमार शाक्य
Inspector Bal Kumar Shakya

३. प्र.ना.नि. मोहनहरी थापा
S.I. Mohanhari Thapa

४. प्र.ह. डिल्ली प्रसाद तिमिल्सिना
Head-constable
Dilli Prasad Timilsina

# Police Writers Rewarded

With a view to propagate and enhance professional skills and knowledge among the Police personnel, to help the flowering of literary creativity among them as also to promote cordial fellow-feelings between the Police and the public, a quarterly periodical has regularly been published since the year 2016 B.S. (1959).

The said Police Magazine, besides making provision for the disbursement of suitable honorarium for its contributors on a regular basis so as to inculcate writing habits among police personnel as also to improve the standard of contributions received, has also introduced the system of rewarding such writer as are adjudged best among the lot on an yearly basis.

On Chaitra 2044 B.S. April 1988), Dy. Superintendent of Police Om Bikram Rana, Inspector Basanta Kunwar, Inspector Bal Kumar Shakya, Sub-Inspector Mohanhari Thapa and Head-constable Dilli Prasad Timilsina were adjudged the best contributors and were suitably rewarded at the hands of Chief of Police mr. Hem Bahadur Singh amidst a function.


श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४०औं शुभजन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

डोटी,सिलगढी, विपयलका उद्योग तथा व्यापारी वर्ग
डोटी, सेती अंचल, नेपाल



श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४०औं शुभजन्मोत्सवको
सुखद उपलक्ष्यमा
मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँछौं।

हरिश्चन्द्र गिरी

अमृत गिरी बम प्रसाद गिरी नरमकाजी श्रेष्ठ शिव कुमार श्रेष्ठ,
दिक्तेल, खोटांग, नेपाल